# लेखापरीक्षण प्रतिवेदन

## जन्तेढुङ्गा गाउँपालिका, खोटाङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# जन्तेढुङ्गा गाउँपालिका, खोटाङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/578

श्रीमान् अध्यक्षज्यू
जन्तेढुङ्गा गाउँपालिका,
गाउकार्यपालिकाको कार्यालय,
खोटाङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/578

श्रीमान् अध्यक्षज्यू,
जन्तेढुङ्गा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
चिसापनी, खोटाङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय-व्यय समेत रु.९७ करोड ११ लाखको लेखापरीक्षण गर्दा रु.१ करोड ५८ लाख ५६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.९ लाख २३ हजार फस्योँट भई असुल गर्नुपर्ने रु. ४ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.११ लाख ११ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १४ लाख १९ हजार र पेश्की बाँकी रु.१९ लाख २० हजार गरी जम्मा रु.१ करोड ४९ लाख ३३ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.२९ करोड ७५ लाख २९ हजार मध्ये रु.१ करोड ६७ लाख ५८ हजार फस्योँट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.२९ करोड ५७ लाख ४ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन,विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिकाअध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | सम्परीक्षणबाट फछ्यौंट | | | सम्परीक्षणबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८९ | २९ | १,५८,५६,४४९ | ० | ९ | ९,२३,२३७ | ० | ८९ | २० | १,४९,३३,२१२ | ४,८३,१०० | १,१४,१९,०९८ | ११,११,०१४ | ० | ० | १,२५,३०,११२ | १९,२०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खोटाङ | २९,७५,२८,६८१ | 0 | १,६७,५७,९८१ | २८,०७,७०,७०० | 0 | १,४९,३३,२१२ | २९,५७,०३,९१२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपर सम्परीक्षण बिवरण** | | | | |
| १ | २०८१/८२ | ५५ | स्थानीय भत्ता | ५१,८४० |
| २ | २०८१/८२ | ३८ | शिक्षक सरुवा र रमाना | १,२७,३५८ |
| ३ | २०८१/८२ | ३९ | विद्यालयमा जिन्सी दाखिला | ६,४९,७८९ |
| ४ | २०८१/८२ | ५९ | बढी भुक्तानी | ३४,४१० |
| ५ | २०८१/८२ | ५८ | करार सेवाका कर्मचारीलाई स्थानीय भत्ता | ५९,८४० |
| **जम्मा** | | | | **९,२३,२३७** |
| **गत विगत आर्थिक वर्षहरुको सम्परीक्षण बिवरण** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ११.२ | संगठन तथा कर्मचारी व्यवस्थापन | ८,७९,२१६ |
| २ | २०८०/८१ | २५.२ | शिक्षा तर्फ | ३,२९१ |
| ३ | २०८०/८१ | ३२ | मापदण्ड विपरीत खर्च | १९,९५,१०५ |
| ४ | २०८०/८१ | ३५ | महसुल तिर्दा जरिवाना | २,६८५ |
| ५ | २०८०/८१ | ३६ | बालि विज्ञान अध्ययनका छात्रवृत्ति | २,९८,७१५ |
| ६ | २०८०/८१ | २८.२ | पन्ध्र शैया अस्पताल निर्माण | ४,९३,२४५ |
| ७ | २०७९/८० | ६४.२ | साना सिंचाइका योजनाहरु | ६,३१,०१६ |
| ८ | २०७९/८० | ५१ | समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता | २६,३०,३२५ |
| ९ | २०७९/८० | ६० | संघिय पूँजिगत शिर्षकबाट मोटरसाइकल खरिद | २,८८,९०० |
| १० | २०७९/८० | २८.२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २६,६६,१२३ |
| ११ | २०७९/८० | ४७ | कर्मचारी व्यवस्था | १२,५१,४२८ |
| १२ | २०७९/८० | ५८ | ओदाले कृषि सडक उपभोक्ता समिति | ८२,६९४ |
| १३ | २०७९/८० | ७३.३ | उपभोक्ता समिति | ३,३५,२३८ |
| १४ | २०७९/८० | ७५ | ब्याकहोडर खरिद | ५२,००,००० |
| **जम्मा** | | | | **१,६७,५७,९८१** |
| **कूल जम्मा** | | | | **१,७६,८१,२१८** |

# जन्तेढुङ्गा गाउँपालिका, खोटाङ

# ( ८०१०८५०४३०० )

# जन्तेढुंगा गाउँपालिका , खोटाङ

# परिचय

१ **परिचय**

**(क) पालिकाको परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा, १२८.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा १२ हजार १६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।३ देखि २०८२।८।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय -- व्ययतर्फ रु.९७१०९९३०७.३ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको बिष्तृत विवरण अनुसूची-१ मा संलग्न छ। ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६७,४८,५७०.४६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | निष्कृय खातामा रहेको सामाजिक सुरक्षा भत्ता रकम फिर्ता दाखिला। | ५८९३८५५.४६ |
| २ | स्थानीय भत्ता असुल | ६६९०९० |
| ३ | सेवाकालिन तालिम समयमा स्थानीय भत्ता | १४७१० |
| ४ | सहभागि भत्ता बढी भुक्तानी। | २७२०० |
| ५ | प्रशिक्षक भत्ता बढी दरमा भुक्तानी। | ५५२५ |
| ६ | अनुगमन भत्ता असुलि | २७२०० |
| ७ | बैठक भत्ता असुली | ६८००० |
| ८ | दिवा खाजा असुली | ४२९९० |
| **जम्मा** | | **६७४८५७०.४६** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण -**

पालिकाको आर्थिक वर्ष २०८१।०८२ को एकीकृत प्राप्ति तथा भुक्तानीको विवरण देहायअनुसार रहेको छ।

| प्राप्ती | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरु मौज्दात** | | २९०५२४०१.७२ | **चालू खर्च** | | २३४३५८७५७.४४ |
| १.संचित कोष | २२१५१९८७.५१ | | १.पालिका तर्फ | ७६८४२७०२.४४ | |
| २.धरौटी | ५११३७४८.२३ | | २.संघीय सशर्त | १५४१६४१९०.०० | |
| ३.कार्यसञ्चालनकोष | १७८६६६५.९८ | | ३.संघीय विशेष | ०.०० | |
| ४.अन्य | | | ४.प्रदेश सशर्त | ३३५१८६५.०० | |
| **यस वर्षको आय** | | | ५.प्रदेश विशेष | ०.०० | |
| १. आन्तरिक आय | ४४२३९९५.०० | ४४२३९९५.०० | **पूँजीगत खर्च** | | १२३००२५७५.९९ |
| २. वित्तीयहस्तान्तरण (संघ) | | ३५२३१८१२४.०७ | १.पालिकातर्फ | ८०४७८२४२.९९ | |
| क) समानीकरणअनुदान | ७१७५६३२०.०० | | २.संघीय सशर्त | ८३०९२४८.०० | |
| ख) राजस्वबाँडफाँड | ७०८७६०३१.५७ | | ३.संघीय विशेष | १४२०४९२३.०० | |
| ग) सशर्तअनुदान | १८८४१९२४२.५० | | ४.संघीय समपुरक | २९९५१५३.०० | |
| घ) समपुरअनुदान | ६००००००.०० | | ५. प्रदेश सशर्त | ७०१५००९.०० | |
| ङ) विशेषअनुदान | १५००००००.०० | | ६. प्रदेश विशेष | ०.०० | |
| च) रोयल्टी | | | ७. प्रेदेश समपुरक | १०००००००.०० | |
| छ) अन्य | २६६५३०.०० | | **अन्तर सरकारीअख्तियारी (संघ)** | | ८४६४६३४५.०० |
| **३. वित्तीयहस्तान्तरण (प्रदेश)** | | २९४८१७७३.३२ | क) सामाजिक सुरक्षा | ६३२६०९२२.०० | |
| क) समानीकरणअनुदान | ४५९४०००.०० | | ख) एकिकृत स्वास्थ्यपूर्वाधार विकास का. | २१३८५४२३.०० | |
| ख) राजस्वबाँडफाँड | ३२०५७७३.३२ | | | | |
| ग) सशर्तअनुदान | ११६८२०००.०० | | अन्तर सरकारीअख्तियारी (प्रदेश) | | |
| घ) समपुरअनुदान | १००००००००.०० | | ऋण फिर्ता (साँवा) | | |
| ङ) विशेषअनुदान | ०.०० | | ऋणको ब्याज भुक्तानी | | |
| च) रोयल्टी | ०.०० | | धरौटी फिर्ता तथा सदरस्याहा | ६८०६०८.०० | ६८०६०८.०० |
| छ) अन्य | ०.०० | | कार्यसञ्चालन कोषबाटभएको खर्च | १०९४६५०३.०० | १०९४६५०३.०० |
| **४. अन्तरसरकारी अख्यियारी (संघ)** | | ८४६४६३४५.०० | अन्य कोषबाट भएको खर्च | | |
| क) सामाजिकसुरक्षा | ६३२६०९२२.०० | | गैरसरकारी संस्थाबाटसञ्चालित योजना | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) एकिकृतस्वास्थ्य पूर्वाधार विकास का. | २१३८५४२३.०० | | अन्य सहयोगमा सञ्चालितयोजना | | |
| | | | अन्य खर्च भएमा | | |
| ५. अन्तरसरकारी अख्तियारी (प्रदेश) | | | **अनुदान फर्ता** | | |
| ६. ऋण/ वित्तीयव्यवस्था | ०.०० | | १. संघ तर्फ | | २९७४५७२८.५० |
| ७. धरौटी आय | २८९८२८७.१५ | २८९८२८७.१५ | क) सशर्त अनुदान | २५९४५८०४.५० | |
| ८. कार्यसञ्चालन कोष आय | १२६८५१२७.८३ | १२६८५१२७.८३ | ख) विशेष अनुदान | ७९५०७७.०० | |
| ९. अन्य कोषकोआय | | | ग) समपुरक अनुदान | ३००४८४७.०० | |
| १०. गौरसरकारीसंस्थाबाट सञ्चालित योजना | | | २. प्रदेश तर्फ | | १३१५१२६.०० |
| ११. अन्यसहयोगमा प्राप्त सञ्चालित योजना | | | क) सशर्त अनुदान | १३१५१२६.०० | |
| १२. अन्य आयभएमा | | | ख) विशेष अनुदान | | |
| | | | ग) समपुरक अनुदान | | |
| | | | **अन्तिम मौज्दात** | | ३०८१०४१०.१६ |
| | | | १. संचित कोषकोमौज्दात | १९९५३६९१.९७ | |
| | | | २. धरौटी | ७३३१४२७.३८ | |
| | | | ३. कार्यसञ्चालनकोष | ३५२५२९०.८१ | |
| | | | ४. अन्य कोष | | |
| जम्मा | ५१५५०६०५४.०९ | ५१५५०६०५४.०९ | जम्मा | ५१५५०६०५४.०९ | ५१५५०६०५४.०९ |

३ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०१।८२ को वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७०) प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) देहाय बमोजिम रहेको छ:

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय विवरण परीक्षण** -

४.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरणमा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६३२६०९२२।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२१३८५४२३।- समेत गरी रु.८४६४६३४५।- एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

• पालिकाको सुत्रमा Revenue model आंशिक रुपमा लागू गरेको, ईन्ट्री गर्नुपर्ने टिप्पणीहरु जस्तै ८,१४,१७ र सम्पत्ति तथा राजस्व बक्यौता ईन्ट्री गरी वित्तीय प्रतिवेदनमा समावेश नगरेको अवस्था छ!

• पालिकाले गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात र यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु. २,९०,५२,४०१.७२ जिम्मेवारी सारेको छ ।

• पालिकाको विविध खर्च खातातर्फको स्रेस्ता अनुसारको बाँकी मौज्दात रु.५८९६३४.८१ देखाएको छ। सुत्रको हिसावमा बैंक अनुसार बाँकी मौज्दात शुन्य देखाएको तर बैंक स्टेटमेन्ट विवरणमा बैंक मौज्दात रु.५८९६३५.८१ नै देखिन्छ। वित्तीय प्रतिवेदन यथार्थ रुपमा प्रस्तुत गरिनुपर्दछ।

४.२ **बैङ्क हिसाव** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दात देहाय अनुसार रु.३०८६०४१०.१६ रहेको छ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|
| ग २.३, विविध खर्च खाता | ५,८९,६३४.८१ | ५,८९,६३४.८१ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ७३,३१,४२७.३८ | ७३,३१,४२७.३८ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १,९९,५३,६९१.९७ | १,९९,५३,६९१.९७ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ६,४८,०००.०० | ६,४८,०००.०० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २३,३७,६५६.०० | २३,३७,६५६.०० |
| **जम्मा** | **३,०८,६०,४१०.१६** | **३,०८,६०,४१०.१६** |

४.३ **सञ्चित कोषको वित्तीय स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ ।पालिकाले प्राप्ति भन्दा ट्रान्सफर बढी गरेको कारण रु.३,०१,३१,८३३.९८ न्यून मौज्दात भएको देखिन्छ ।पालिकाको सञ्चित कोषको वित्तीय स्थिति देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | प्राप्ती | ट्रान्सफर | मौज्दात |
|---|---|---|---|---|
| १ | आन्तरिक श्रोत | २,६५,७५,९८२.५१ | २,५८,१३,४९१.९९ | ७६२४९०.५२ |
| २ | राजस्व बाँडफाँड | ७,४३,४८,३३४.८९ | ७,४१,८१,८०४.८९ | १६६५३० |
| ३ | समानिकरण अनुदान | ७,६३,५०,३२०.०० | ७,६३,५०,३२०.०० | ० |
| ४ | शसर्त अनुदान चालु | १५,७५,१६,०५५.०० | १८,३४,४९,०००.०० | -२५९३२९४५ |
| ५ | शसर्त अनुदान पुँजीगत | १,५३,२४,२५७.०० | १,६६,५२,२४२.५० | -१३२७९८५.५ |
| ६ | विषेश अनुदान पुँजीगत | १,४२,०४,९२३.०० | १,५०,००,०००.०० | -७९५०७७ |
| ७ | समपुरक अनुदान पुँजीगत | १,२९,९५,१५३.०० | १,६०,००,०००.०० | -३००४८४७ |
|  | **जम्मा** | **३७,७३,१५,०२५.४०** | **४०,७४,४६,८५९.३८** | **(३,०१,३१,८३३.९८)** |

४.४ **फरक हिसाव** - पालिकाले सुत्रबाट तयार गरेको कोषको प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन र एकिकृत प्राप्ति र भुक्तानीको विवरण अनुसार देहाय बमोजिम को हिसाबमा फरक परेको देखियो। पालिकाको सुत्रको हिसाबमा समाबेश नभएको अन्तरसरकारी वित्तिय हस्तान्तरणको कुल रु.८४६४६३४५।- प्राप्ति तथा खर्च गरेको देखियो । उक्त रकम समायोजन गर्दा हुने वित्तिय विवरणको प्राप्ती हिसावमा रु.३८००२०७५.७२ र भुक्तानी हिसाबमा रु.४१९५८३७९.५ फरक परेको देखिन्छ। यस सम्बन्धमा पालिकाले यकिन गरी समष्टीगत आर्थिक कारोबारको विवरणमा यथार्थ अवस्थाको चित्रण गनुपर्दछ ।

| शिर्षक | गत बर्षको जिम्मेवारी | प्राप्ती हिसाव | भुक्तानी हिसाव | मौज्दात रु. |
|---|---|---|---|---|
| म.ले.प. फा. न. २७० | २,९०,५२,४०१.७२ | ३५,५१,६३,०३७.८९ | ३५,७३,६१,३३३.४३ | ३,०८,६०,४१०.१६ |
| एकिकृत हिसाव | २९०५२४०१.७२ | ४०१८०७३०७.३७ | ४०००४९२९८.९३ | ३०८१०४१०.१६ |
| फरक | ० | ४६६४४२६९.४८ | ४२६८७९६५.५ | ५०००० |

५ **बजेट तथा कार्यक्रम -**

५.१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु. ४२ करोड २५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।११ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमा नै बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ।

५.२ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा वडागत र पालिकास्तरका कुल १५५ योजनामा पूँजीगत शीर्षकबाट रु.१२३००२५७५।- खर्च गरेको छ। सो मध्ये उपभोक्ता समितिमार्फत १४३ योजनाहरुमा रु.५७९८५५०५।– खर्च गरेको देखियो। संचालित योजनामध्ये ९२.२५ प्रतिशत योजना उपभोक्ता समितिबाट संचालन भएको देखिन्छ ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | ५ लाखसम्म | ५-१०लाखसम्म | १०-२० लाखसम्म | २० लाख भन्दा माथी |
|---|---|---|---|---|---|
| पालिकास्तरीय र वडास्तरीय | १५५ | ९८ | ३७ | १२ | ८ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना बाहेक रु.१८ लाख ५० हजारको ६ योजना कार्यान्वियन हुन सकेको देखिएन । पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

५.३ **एकमुष्ट बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेटमा एकमुष्ट राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वियन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट वजेट राख्न मिल्ने देखिदैन । पालिकाले यो वर्ष सडक निर्माण तथा स्तरोन्नतिमा रु.५५ लाख एकमुष्ट बजेट व्यवस्था गरी ९ योजनामा रु.५३७३१०४।- खर्च गरेको छ। बजेट एकमुष्ट राखी कार्यपालिकाको निर्णयबाट सभाले समर्थन गरी खर्च गरेको देखिन्छ। यसमा सुधार गरी बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

५.४ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.४५९६३६।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.सं.** | **विवरण** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३४०७५००. | २८५५८५४६ | ७.९९ |
| २ | सामाजिक विकास | २१५६८६५००. | १८४०७८२२५ | ५१.५१ |
| ३ | पूर्वाधार विकास | ७१४६०५००. | ६१२३९८२७ | १७.१४ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ५२०९०००. | ५१२९३०५ | १.४४ |
| ५ | कार्यालय सञ्चालन तथाप्रशासनिक | ९७९४५५००. | ७८३५५४२९ | २१.९३ |
| ६ | जम्मा | ४२३७०९०००. | ३५७३६१३३३ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५१.५१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.४३ प्रतिशत रहेको छ।

**(क) खर्च बिश्लेषण** - पालिकाको एकीकृत वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० अनुसार पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.४४२३९९५।-, राजस्व बाँडफाँबाट रु.७४३४८३३४।–, संघीय सरकार अनुदानबाट रु.२११७५५६२।– र प्रदेश सरकार अनुदानबाट रु.२६२७६०००।- समेत रु.३५५१६३०३७.८९ आम्दानी भएकोमा चालुतर्फ रु.२३४३५८७५७.४४ र पूँजिगततर्फ रु.१२३००२५७५.९९ समेत रु.३५७३६१३३३.४३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.४८९४५००।- खर्च भएको छ। जुन आन्तरिक आय आयभन्दा १०.६ प्रतिशतले बढी खर्च भएको छ । पालिकाको ६५.५८ प्रतिशत चालु र २४.४१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५.६ **पूँजीगत कार्यक्रम** – पालिकाको विनियोजन ऐनको गाउँपालिका पूँजीगत कार्यक्रमको सि.नं. १३ मा व्याकहो लोडर मर्मत तथा डिजेल खरिद गरी सडक निर्माण तथा स्तरोन्नति गर्न रु.५५ लाख विनियोजन गरी समानिकरण अनुदान संघीय स्रोतबाट योजना तथा कार्यक्रम छनौट गरेको देखियो। पालिकाले व्याकहो लोडर मर्मत तथा इन्धन खरिद गरी सडक स्तरोन्नति गर्न कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.५०११०००।– भुक्तानी दिएको छ।कार्यक्रम छनौट तथा कार्यान्वयन गर्दा आर्थिक संकेत वर्गिकरण र व्याख्या बमोजिम तोकिएको शीर्षकबाट खर्च लेख्नुपर्दछ।

५.७ **योजना तथा वजेट कार्यान्वयन** - पालिकाको योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छेन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण समेत गरिनुपर्दछ।

• बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम पालिकाले आर्थिक वर्षको नीति तथा

कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.१ करोड करोड २३ लाख ३४ रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा २.९१ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको देखियो। कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

५.८ **बार्षिक नीति , कार्यक्रम तथा बजेट कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्यिन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐनमा देहाय बमोजिमका बिषयहरु समावेश भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वियन गरिनुपर्दछ।

(क) पालिकाको नीति तथा कार्यक्रमा समावेश भएका तर विनियोजन ऐनमा समावेश नभएका कार्यक्रमहरु

• गाउँपालिकामा डेरी उत्पादन र खपत बढाएर दुध उत्पादनलाई आत्मनिर्भर बनाउने कार्यक्रम,

• पाहा संरक्षण र पालना गर्ने कृषकहरुलाई बजार व्यवस्थापनमा सहयोग गरिने नीति तथा कार्यक्रम,

• गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्राहलयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्कने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता प्रतिविम्बहरु निर्माण गरिने कार्यक्रम,

• राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाइ निरन्तरता दिइने कार्यक्रम,

• समग्र आर्थिक गतवविधि चलायमान बनाउन र आर्थिक क्रियाकलापको स्तर मापतका लागि आर्थिक सर्वेक्ष गरिने कार्यक्रम,

• अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यछन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तराष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिने कार्यक्रम,

• वार्षिक २० लाखभन्दा बढी कारोवार गर्ने व्यवसायी र पेट्रोलियम पदार्थको व्यवसायिक कारोवार गर्ने व्यवसायीले अनिवार्य अग्नि नियन्त्रक यन्त्र राख्नुपर्ने कार्यक्रम,

• गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुका रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने कार्यक्रम,

• सार्वजनिक खर्चलाइ बैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने कार्यक्रम,

• सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई Paperless Governance को अवधारणा विकास गरिने कार्यक्रम,

• पूर्वाधार आयोजनाहरुको कार्यान्वियन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) वातावरणीय प्रभाव मूल्याँकन (EIA) अध्ययन गरिने कार्यक्रम,

• ढुङ्गा, गिट्टि र वालुवाको लागि वुवाखोलामा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याँकन गरिने कार्यक्रम,

• जन्तेढुङ्गा गाउँपालिकामा गाँजाखेति सम्भाव्यता अध्ययन गर्न संघीय सरकारसँग अनुरोध गरिने कार्यक्रम,

• करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कार तथा सम्मान गर्ने कार्यक्रम।

(ख) त्यस्तै पालिकाको विनियोजन ऐनमा समावेश भएका योजना तथा कार्यक्रम कार्यान्वियन नभएका योजनाहरु देहाय बमोजिम रहेको छ

• कर्मचारी आवासका लागि जग्गा खरिद रु.२० लाख,

• अल्ट्रासाउण्ड मेशिन खरिद रु. ५ लाख,

• ल्याव एनालाइजर (CBC) खरिद रु.३ लाख,

• डेरी संचालन अनुदान रु.५ लाख,

• युवाक्लव स्यंमसेवक परिचालन साझेदारी रु.३ लाख,

• स्रोत व्यक्ति छनौट तथा व्यवस्थापन तालिम रु.२ लाख,

• GPS ट्रयाकर रु.५० हजार।

पालिकाबाट कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५.९ **त्रैमासिक खर्च** - पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पूँजीगत खर्चको तुलनामा प्रथम चौमासिकमा १.८५ प्रतिशत र दोस्रो त्रैमासिकमा १६.६७ प्रतिशत, तेस्रो त्रैमासिकमा २२.६० तथा चौथो त्रैमासिकमा ५५.८६ प्रतिशत खर्च गरेको देखिन्छ । कुल पूँजीगत खर्चको तुलनामा आषाढ महिनामा मात्र ३५.०३ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रु.हजारमा)

| खर्च शिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजीगत खर्च | १२३००० | २२८२ | २४२०१ | २७८०८ | ६८७०९ | ४३०९५ |
| प्रतिशत | १०० | १.८५ | १९.६७ | २२.६० | ५५.८६ | ३५.०३ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल पूँजीगत खर्चको चौथो त्रैमासिकमा ५५.८६ प्रतिशत र आषाढ महिनामा ३५.०३ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## ६ आवधिक योजना-

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा पालिकाले आफ्नो आधिकार क्षत्र भित्रका योजनामा स्थानीय तका विकासका लागी आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले प्रथम आवधिक योजना २०७६।७७-०८०।८१ सम्मको लागी कार्यान्वयनमा ल्याएको देखियो । उक्त योजनामा क्षेत्रगत रुपमा बजेट अनुमान गरेकोमा आवधिक योजनाको लक्ष्य तथा उपलब्धि मापन गरी अभिलेख राखेको छैन। आवधिक योजनाको उपलब्धि मूल्याँकन गरिनुपर्दछ ।

## ७ राजश्व सुधार योजना -

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६५ अनुसार पालिकाले राजश्व सम्बन्धी कानुन बनाउन सक्ने व्यवस्था छ । पालिकाले राजश्व सुधार कार्ययोजना, २०८१ तयार गरी कार्यान्वयनमा ल्याएको छ । राजश्व सुधार योजनाको कार्यान्वयनमा जोड दिदै राजश्वको क्षेत्र अभिवृद्धी गर्नु पर्दछ ।

## ८ लक्ष्य प्रगति -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति

विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम तथा वजेट उपशिर्षक | कार्यक्रम/ योजना संख्या | यो बर्ष खर्च | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|---|
| | | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| पुँजीगत | १६१ | १२३००२५७५ | ६ | ० | ० | १ |

पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार १६१ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगति हुने योजना तथा कार्यक्रम ६ रहेका छन। पालिकाले ७५ प्रतिशत भन्दा कम प्रगति भएको एक निर्माण कार्यको निर्माण व्यवसायीले समयमा कार्य नगरेको कारण जनाएको छ। प्रगति प्रतिवेदन तयार गरी सम्पादिन कार्यक्रमको उपलब्धि मापन गर्नुपर्दछ।

**९ आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको देखिएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी संघीय प्रदेश ऐन नियम कार्यविधिको आधारमा बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रमा रु.१० लाख २७ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको देखिएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको अभिलेख अद्यावधिक गरी राखेको देखिएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन संघीय स्तान्तरिक कार्यक्रमतर्फको बाहेक आन्तरिक लेखापरीक्षण भएको छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको देखिएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको देखिएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रू.३४ खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको देखिएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको देखिएन ।

• म.ले.प. फा. न. ५०३ बमोजिम नापी नियन्त्रण अभिलेख खाता राखेको देखिएन ।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागु गरेको देखिएन ।

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई

प्राथमिकता दिएको नदेखिएको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता र पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित रहेको देखिएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्नसक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको विवरण अभिलेख अद्यावधिक गरि राखेको देखिएन,

• यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परीपालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले खाना खाजा विविध कार्यक्रम र सभा खर्च समेत एकमुष्ट रू.१७ लाख ४९ हजार खर्च गरेको छ ।जुन आन्तरिक आय रु.४४ लाख २४ हजारको तुलनामा ३९.५३ प्रतिशत रहेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

११ **खर्च वृद्धि** –

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । पालिकाले मूल्य अभिवृद्धि भएको कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०८०।८१ को खर्च | २०८१।८२ को खर्च |
|---|---|---|---|
| १ | अनुगमन भ्रमण खर्च | २९०००० | ३४००००० |
| २ | विविध खर्च | १०००००० | १७४९००० |
| ३ | कार्यालय सामाग्री | ३९९७००० | ४९७७००० |
| ४ | कर्मचारी करार | ९८८५००० | १०९८६००० |
| ५ | इन्धन खर्च | २४०८००० | २५२०००० |
| ६ | मर्मत खर्च | १२३२००० | २३५७००० |

१२ **आर्थिक सहायता** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न १७ व्यक्तिलाई रू.४३६०००।- आर्थिक सहायता वितरण गरेको देखियो। जुन आन्तरिक आय रू.४४२३९९५।- को ९.१८ प्रतिशत हुन जान्छ। यस्तो प्रकृतिको खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।यस प्रकारका खर्चको सार्वजनिकीकरण समेत गरिनुपर्दछ ।

१३ **संगठन तथा कर्मचारी व्यवस्थापन** -

१३.१ **जनशक्ती व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७८ दरबन्दी स्वीकृत रहेकोमा ३० जना पदपूर्ती भएको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार ईन्जिनियर, कृषि, भेटेनरी, लेखा अधिकृत कर्मचारी सहित ४८ पदहरु रिक्त रहेका छन। रिक्त पदमा लोकसेवा आयोगमा २०८१।८।१८ मा १ जना र २०८२।५।१८ मा ५ जना, २०८२।७।२७ मा १९ जना गरी २५ जना माग गरी पठाएको देखियो । दरबन्दी तथा पदपुर्तिको अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

| **विवरण** | **स्वीकृत दरबन्दी** | **पदपुर्ति** | **रिक्त** |
|---|---|---|---|
| पालिका तर्फ | ४२ | २० | २२ |
| स्वास्थ्य तर्फ | ३६ | १० | २६ |
| **जम्मा** | **७८** | **३०** | **४८** |

१३.२ **करार सेवाबाट पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी पालिकाले नगर प्रहरी, सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। यस्तै सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नपाइने व्यवस्था छ। पालिकाको ३३ औँ सभाबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण मिति २०८०।१।१७ मा स्वीकृत गरेकोमा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम पद दर्ताको लागि मिति २०८१।४।२२ मा पठाएकोमा पद दर्ता कायम भएको देखिएन। पालिकामा पालिकाका तर्फबाट ३ जना र स्वास्थ्य तर्फका २४ जना, कार्यक्रम करा ९ जना, कार्यालय सहयोगी, सवारी चालक समेतको ७३ करार सेवा बापतको यस बर्षको तलब रु.१०९८६०००।- खर्च लेखेको देखियो। करार सेवाका दरवन्दि भित्रका २७ जना र दरवन्दी बाहेकका कार्यक्रम करार कार्यालय सहयोगी र सवारी चालक गरी ४६ जना कार्यरत रहेको देखियो।

१३.३
**वडा कार्यालय संचालन** – पालिकाबाट प्रात विवरण अनुसार पालिकामा ६ वडा कार्यालयहरु रहेकोमा वडा नं. ५ मा सव ईन्जिनियर र वडा नं. ३ मा कृषि प्राविधिक र वडा नं. १,२,४ र ६ मा प्रशासनिक कर्मचारीबाट संचालन भएको देखिन्छ।

१३.४ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ तथा कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ ( ४) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई १४ जना कर्मचारीको रु.१००९१९५२।- तलव खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१४ **सम्पत्ति उपयोग र संरक्षण** -

१४.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS v२) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले गत विगत वर्षको मौज्दात रहेको PAMS लागु गर्नुपुर्वको सामानहरुको मूल्य खुलाई public assect management system (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा आ.व. ०७५।०७६ भन्दा अगाडीका सामानहरुको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्नेमा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको छैन।

• घर जग्गा लगत अध्यावधिक नभएको कित्ता नं क्षेत्रफल उपयोगको अवस्था र प्रचलित बजार मूल्य कायम गरि श्रेस्ता अध्यावधिक नगरेको।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्थाको अभिलेख तयार गरेको देखिएन।

• पालिकामा २ व्याकहो लोडर रहेकोमा १ वटा विगत २ वर्षदेखि विग्रिएर रह्को अवस्था छ।

पालिकाबाट सम्पतिको उचित संरक्षण तथा व्यवस्थापन गरिनुपर्दछ ।

१४.२ **ईन्धन खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा आम्दानी बाँधी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष इन्धनमा रु २५२००००।०० खर्च गरेको देखिन्छ । पालिकामा १५ मोटरसाइकल रहेका छन् । यसका अतिरिक्त पालिकामा २ ब्याकहो लोडर र १ एम्बुलेन्स रहेको र उक्त साधनको लागि समेत ईन्धन खर्च भएको देखियो। त्यस्तै पूँजीगत खर्च शीर्षकबाट व्याकहो लोडर मर्मत तथा इन्धन खर्च गरी सडक स्तरोन्नति गर्ने कार्यमा इन्धन, अन्य जेसिवि भाडामा लिई भुक्तानी गरेको खर्च समेत खर्च रु.५०११०००।– भुक्तानी भएको देखियो। पालिकाले सवारी लगबुक समेतको अद्यावधिक अभिलेख राखी मापदण्ड तयार गरी सोही मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्दछ ।

१४.३ **मर्मत सम्भार खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे १५ थान, एम्बुलेन्स १ थान, ब्याकहो लोडर १ थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु.२३५७०००।– खर्च गरेको तर PAMS मा लेखाङ्कन गरेको देखिएन। यस्ता सामानको जिन्सी दाखिला तथा अभिलेख नराख्दा लिलाम विक्रि गर्नुपर्ने संख्या यकीन नहुने र मूल्याँकन समेत नहुने जोखिम हुन सक्दछ। नियमानुसार तोकिएको ढाँचामा जिन्सी सामानको अभिलेखाङ्कन गर्नुपर्दछ।

१४.४ **यन्त्र उपकरण सञ्चालन** - पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगानी र आय विष्लेषण समेत गरेको छैन। उपकरण सञ्चालन सम्बन्धी कार्यविधि तयार नगरी पालिकाबाट सञ्चालन हुने गरेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार यसवर्ष ८ योजनामा रु.५२१८१६९।– बराबरको कार्य गरी सोही बराबरको खर्च रकम बचत गरेको देखिन्छ। पालिकाको यन्त्रहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता यन्त्र उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गरिनुपर्दछ ।

| सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|
| जे.सि.वि १ | ५०११००० | ६५८००० | ११०५५७० | १६१९०५ | ६७७४५७० | (६६१२६६५) |
| बचत गरेको रकम | ० | ० | ० | ५२१८१६९ | ० | ५२१८१६९ |
| **जम्मा** | **५०११०००** | **६५८०००** | **११०५५७०** | **५३८००७४** | **६७७४५७०** | **(१३९४४९६)** |

यी साधनहरुको प्रयोग भएको कामको अभिलेख व्यवस्थित राख्नु पर्दछ।

१५ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, २ वटा नियमावली, २१ कार्यविधि, निर्देशिका ५ लगायत ३९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

१६ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर पालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष ९ विवाद दर्ता भएकोमा ७ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१७ **कार्य सञ्चालन तथा अन्य कोष** -

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेको छ । पालिकाले यो वर्ष प्रकोप, मर्मत, सम्भार, लैङ्गिक हिंसा जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१७८६६६५।– यसवर्षको थप रु.१२७३५१२७।– समेत जम्मा रु.१४५२१७९३।– प्राप्तीमा रु.१०९५६४०३।– खर्च गरी रु.३५६५३८९।- मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरोपना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

१८ **अवकास कोष** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अवकाश कोष सम्बन्धी व्यवस्था गरेको देखिएन।

१९ **धरौटी** -

पालिकाले पेश गरेको विभिन्न प्रतिवेदन अनुसार गत वर्षको जिम्मेवारी सरेको धरौटी मौज्दात रु.५१,१३,७४८.२३ मा यस वर्षको प्राप्ती रु.२८,९८,२८७.१५ समेत जम्मा रु.८०,१२,०३५.३८ मा रु.६,८०,६०८.०० खर्च भइ रु.७३,३१,४२७.३८ मौज्दात रहेको देखिएको छ । पालिकाको धरौटी मौज्दात रकममध्ये गत विगतको नामनामेसी नखुलेको विवरण यकिन नभएको रु.६०००।- देखिन्छ । प्रयोजन नखुलेको धरौटी रकमको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ र ६७ बमोजिमको प्रकृया अपनाई राजश्वमा आम्दानी बाध्नु पर्दछ ।

२० **निकासा हिसाव** -

निकासा हिसाव - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार फिर्ता हिसाव देहाय बमोजिम रहेको देखियो।

| अनुदानको प्रकार | | | | |
|---|---|---|---|---|
| **संघीय सरकार** | निकासा | खर्च | फिर्ता | मिति |
| शसर्त अनुदान चालु | १७,९९,६१,०००.०० | १५,४१,६४,१९०.०० | २,५७,९६,८१०.०० | २०८२।३।२९ |
| शसर्त अनुदान पुँजीगत | ८४,५८,२४२.५० | ८३,०९,२४८.०० | १,४८,९९४.५० | २०८२।३।२९ |
| विषेश अनुदान पुँजीगत | १,५०,००,०००.०० | १,४२,०४,९२३.०० | ७,९५,०७७.०० | २०८२।३।२९ |
| समपुरक अनुदान पुँजीगत | ६०,००,०००.०० | २९,९५,१५३.०० | ३०,०४,८४७.०० | २०८२।३।२९ |
| **जम्मा** | **२०,९४,१९,२४२.५०** | **१७,९६,७३,५१४.००** | **२,९७,४५,७२८.५०** | |
| **प्रदेश सरकार** | | | | |
| शसर्त अनुदान चालु | ३४,८८,०००.०० | ३३,५१,८६५.०० | १,३६,१३५.०० | २०८२।३।२९ |
| शसर्त अनुदान पुँजीगत | ८१,९४,०००.०० | ७०,१५,००९.०० | ११,७८,९९१.०० | २०८२।३।२९ |
| समपुरक अनुदान पुँजीगत | १,००,००,०००.०० | १,००,००,०००.०० | ० | |
| **जम्मा** | **२,१६,८२,०००.००** | **२,०३,६६,८७४.००** | **१३,१५,१२६.००** | |
| **कुल जम्मा** | | | **३,१०,६०,८५४.५** | |

२१ **पेश्की हिसाव** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्छौट नभई रु.४४३९६१६७।- बाँकी रहेको देखिन्छ। कुल पेश्की बाँकी मध्ये विगत वर्षको रु.४२७६६१६७।- र आ.व. २०८१/८२ को रु.१९२००००।– म्याद नाघेको पेश्की पालिकाको पेश्की बाँकीको विवरणले चालु आ.व. को पेश्की बाँकी रु.४४३९६१६७।– सुत्रको हिसावमा रु.९४३६१६७।- देखाएको छ। पेश्की बाँकीको अभिलेख अद्यावधिक गरी यथार्थता प्रस्तुत गर्नुपर्दछ।

२२ **म्याद नाघेको पेश्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.१९२००००।- बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| क्र स | विवरण | रकम |
|---|---|---|
| १ | चिसापानी सा.अ.के. | ९०००० |
| २ | चिसापानी मा.नि. चिसापानी | १८३०००० |
| | **जम्मा** | **१९२००००** |

| | |
|---|---|
| पेश्की | १९,२०,००० |

२३ **सेवा प्रवाह -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानीय सरकारको काम कर्तव्य र अधिकारको सम्बन्धमा उल्लेखित गरेको छ । लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।०८२ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| सि.नं. | विवरण | विवरण सेवा प्रासिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|
| १ | विवाह दर्ता | १६३ |
| २ | जन्म दर्ता | ४४३ |
| ३ | मृत्यु दर्ता | १३७ |
| ४ | बसाईसराई दर्ता | आएको १४, गएको १०४ |
| ५ | सम्वन्ध विच्छेद | १२ |
| ६ | सडक | १.०२ |
| ७ | कालोपत्रे सडक | ० |

पालिकालेऐनबमोजिम प्रवाह गरेका सेवाकोअभिलेखव्यवस्थित गरी सम्पादित सेवालाइ सरल, सहज तुल्याउँदै सुचना प्रविधिमा आधारित बनाउनु पर्दछ।

२४ **निःशुल्क उपचार सहायता -**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट १० जनाको लागि रु.१० लाखको सिफारिश भएको देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

२५ **विपन्न नागरिक आर्थिक सहायता -**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ। सोही

मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत यस वर्ष पालिकाबाट १४ जनाको लागि रु.२१०००।- खर्च भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम खुल्ने विवरण सम्वन्धित अस्पतालबाट प्राप्त गरी लक्षित वर्गले उक्त अनुदान वा सहायता पाए नपाएको बारेमा अनुगमन र विवरण वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२६ **क्याम्पसलाई अनुदान -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) को (ज) (२०) मा माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने पालिकाको काम कर्तव्य र अधिकार तोकेको छ ।नेपालको संविधानको अनुसुची ८ सि.नं. 7 मा स्थानीय तहको अधिकार क्षेत्र आधारभुत र माध्यामिक शिक्षातह सम्म मात्र रहेको उल्लेख छ। पालिकाले भौचर नं. १०।२०८२।१।१५, ७०।२०८२।७।१३, ३७२।२०८२।१।१५ र ४९९।२०८२।३।१७ बाट कार्यपालिकाको निर्णय अनुसार चिसापानी क्याम्पसलाइ पालिका स्रोतबाट रु.१२ लाख र प्रदेश सरकारबाट रु.४ लाख गरी रु.१६ लाख शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता भुक्तानी गर्नको लागि संचालन अनुदानमा खर्च लेखेको देखियो। पालिका मातहत विद्यालयहरुको कार्यक्षेत्र कक्षा १२ सम्म मात्र रहेकाले कार्यक्षेत्र भन्दा बाहिरको शिक्षक एवं कर्मचारीको लागी तलब भुक्तानी गरेको नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,००,००० |

२७ **कृषी पशु अनुदान -**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट ४५८२ जनाको लागि रु.५७३३००५।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र.सं. | अनुदानको किसिम | व्यक्ति संख्या | रकम रू. |
|---|---|---|---|
| १ | ७५% अनुदानमा कृषि यान्त्रिकरण वितरण | १७ जना | १२००००० |
| २ | ७५% अनुदानमा किवी खेती प्रवर्द्धन बोपुङ्ग | १ जना | १९२००० |
| ३ | ५०% अनुदान रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ११ जना | ४९००० |
| ४ | तरकारी मिनिकिट खरिद तथा वितरण (पूर्ण अनुदान) | ६०० जना | ४९९३३० |
| ५ | कृषि शाखाको आलु प्रवर्द्धन कार्यक्रम समपुरक (पूर्ण अनुदान) | वडा नं.४ | ४००००० |
| ६ | फेरोमन पासो खरिद तथा वितरण (पूर्ण अनुदान) | ५०० जना | २५४००० |
| ७ | विषादी खरिद तथा वितरण (पूर्ण अनुदान) | ११०३ जना | ४९०४७५ |
| ८ | प्रदेश सरकारबाट हस्तान्तरित आलु प्रवर्द्धन कार्यक्रम (पूर्ण अनुदान) | २२०० जना | १५००००० |
| ९ | `कृषि मेला प्रदर्शन | ८६ जना | २००००० |
| १० | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (५०% अनुदान) | १३ जना | २४२०० |
| ११ | नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम संचालन (५०% अनुदान) | ५१ जना | ९२४००० |
| | जम्मा | ४५८२ | ५७३३००५ |

पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२८ **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको देखिएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२९ **खरिद व्यवस्थापन** -

२९.१ पुँजीगत खर्चको अवस्था - सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु.१२३००२५७५।- खर्च गरेकोमा ८ योजनामा रु.४७८२७९९५।- अर्थात् ३८.८८ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये ४ निर्माण कार्यमा सोझै खरिद गरी रु.२०६६९३०।– अर्थात १.८३ प्रतिशत अन्य कार्यक्रममा १२.१५ प्रतिशत उपभोक्ता समितिबाट १४३ पालिकामा रु.५७९८५५०५ अर्थात ४७.१९ को खरिद गरेको छ। सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२९.२ सफ्टवेयर खरिद र परिचालन - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर विभिन्न ५ सफ्टवेयरहरुमा गत वर्षसम्म रु.२०८०८२५।- भुक्तानी गरेकोमा यो वर्ष १ सफ्टवेयरको नविकरण शुल्क रु.२३०००।– भुक्तानी गरेको छ। हाल सम्म सफ्टवेयर खरिद र बार्षिक मर्मत सुधारमा रु.२१०३८२५।- खर्च गरेको देखियो।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवयर संचालनको गत विगतको खरिदमध्ये ३ वटा संचालनमा रहेको अवस्था छ। स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

२९.३ **सम्भाव्यता अध्ययन/डि.पि.आर** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा विगत वर्षको खरिद तथा सोको कार्यान्वयन अवस्था सम्बन्धमा अभिलेख राखेको देखिएन। पालिकाले गत वर्ष २ कार्यमा रु.८३६०००।- र यो वर्ष १ कार्यमा रु.४९८०००।- समेत कुल रु.१३३४०००।– डिपिआरमा खर्च गरेको छ। डिपिआर तयार गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता प्रतिवेदन सम्भाव्यता अध्ययन/डि.पि.आर खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागत तथा समयको विश्लेषणको आधारमा बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत ध्यान पुर्‍याएको छैन।बजेट विनियोजन भई कार्यान्वयनमा गएका कार्यक्रमको प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट) |
|---|---|---|---|---|---|---|
| गत वर्षको २०८०/ ८१ | | | | | | |
| १ | चिसापानी बजार क्षेत्रका सडक स्तरोन्नती तथा नाला निर्माण कार्यको डिपिआर | एस आर्कीटेक्स एण्ड प्लानर्स प्रा.लि. | १५००००० | ३४३००० | ८५७३००६५ | कार्यन्वयनमा रहेको बजेट ६० लाख (२०८१। ८२) |
| २ | १५शैय्या प्राथमिक अस्पताल निर्माण कार्य | एस एसोसिएट्स प्रा.लि. | | ४९३००० | ३८८२८७००० | कार्यान्वयनमा रहेको बजेट रु.४७३५२००० (२०८१।८२) |
| यो बर्षको २०८१/ ८२ | | | | | | |
| १ | लक्ष्मी मा.वि. आवासीय भवन डि.पि.आर. | राईजर्स कन्सलटिङ्ग एण्ड कन्सट्रक्सन प्रा.लि. | ५००००० | ४९८००० | ८१६७२११९ | कार्यान्वयनमा रहेको बजेट नभएको |

२९.४ कन्टिन्जेन्सी खर्च - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष २ देखि ४ प्रतिशत सम्म कन्टिन्जेन्सी कट्टी रु.१७९०२५६।- एकमुष्ट रुपमा अनुगमन, भ्रमण, विविध लगायतका खर्च लेखेको छ । तर कन्टेन्जेन्सी खर्चको छुटै अभिलेख तयार गरेको छैन। कन्टिन्जेन्सी खर्चको अभिलेख छुट्टै र व्यवस्थित रुपमा राख्नुपर्दछ ।

साथै पालिकाले कन्टेन्जेन्सी रकमबाट अनुगमन, मर्मत, इन्धन लगायतका चालु खर्च शिर्षकहरु समेतलाई पूँजिगत बजेट शिर्षकतर्फ समावेश गरी खर्च लेखेकोले सार्वजनिक खरिदमा कन्टेन्जेन्सी रकमको खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम कन्टेन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गरिनुपर्दछ ।

२९.५ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले निम्नानुसारका निर्माण कार्यको लागि पटक पटकमा विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु.२२६०९३०।- खर्च गरेको छ । जुन पालिकाका पुँजीगत खर्चको १.८३ प्रतिशत रहेको छ। सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ ।

| क्र.स. | योजनाहरुको नाम | निर्माण व्यवसायि | ल.ई. | सम्झौता रकम | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | ओक्लुङ पर्खाल निर्माण सेवा | शान्तिभूमि कन्स्ट्रक्सन | ८६६७१५६५ | ८६६३३५ | ८६४३६३ |
| २ | विभिन्न वडा भरीका सडक मर्मत तथा स्तरोन्नती | कृष्ण देवी कन्स्ट्रक्सन | ८४४०३५ | ८४४०३५ | ८४४०३५ |
| ३ | वडाका अन्तर्गत सडक मर्मत | पाथिभरा निर्माण सेवा | २२७३४७ | २२३८०८ | २२०२१४ |
| ४ | वडा नं. ३ को विभिन्न वडा भरीका सडक मर्मत तथा स्तरोन्नती | सुन्तले कन्स्ट्रक्सन | ३३२३१८ | ३३२३१८ | ३३२३१८ |
| | जम्मा | | ८८०७५२६६ | २२६६४९६ | २२६०९३० |

२९.६ पाईप खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले पाइप पटक पटकमा सोझै खरिद गरी रु.११२०१५३।- खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ।

| गो.भौ.नं. | मिति | भुक्तानीविवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| गा.पा.पुजिगत३८९ | २०८२-०३-०८ | NEPAL PLASTIC PRA.LIMITED | १५००००.०० | सोझै खरिद |
| गा.पा.पुजिगत३९० | २०८२-०३-०८ | NEPAL PLASTIC PRA.LIMITED | २४४७५८.०० | सोझै खरिद |
| गा.पा.पुजिगत४४६ | २०८२-०३-२२ | PRAMEE ENTERPRISES | ७२५३९५.०० | सोझै खरिद |
| | | **जम्मा रकम** | **११२०१५३.००** | |

उल्लेखित खरिद पाइपमध्ये रु.२८०६५४।– मूल्यको पाइप मौज्दात बाँकी रहेको विवरणबाट देखिएको छ। बाँकी रहेको पाइपको जडान तथा कार्यसम्पन्न हुनु पर्दछ।

२९.७ **मेसिनरी औजार खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले देहाय बमोजिमको मेसिनरी औजार पटक पटक सोझै खरिद गरी रु.१८४६०००।- खर्च गरेको छ। सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ।

| गो.भौ.नं. | मिति | भुक्तानीविवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| गा.पा.पुजिगत२०८ | २०८१-१२-०१ | PROACTIVE DEVELOPERS AND BUSINESS S | ३९८०००.०० | सोझै खरिद (विद्युतिय ना.वडापत्र) |
| गा.पा.पुजिगत४२२ | २०८२-०३-१८ | INFOTECH SUPPLIERS & TRADERS | ४४८०००.०० | सोझै खरिद (ल्यापटप र प्रिन्टर) |
| गा.पा.पुजिगत४५१ | २०८२-०३-२३ | KALASH TECHNO WORLD PVT LTD | १००००००.०० | सोझै खरिद (कम्प्युटर र प्रिन्टर) विद्यालयको लागि |
| | | **जम्मा रकम** | **१८४६०००.००** | |

२९.८ **कार्यालय सामाग्री खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले देहाय बमोजिमको कार्यालय सामाग्री पटक पटक सोझै खरिद गरी रु.२७६३०१५।- खर्च गरेको छ। सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ ।

| गो.भौ.नं. | मिति | भुक्तानी विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| गा.पा. चालु २६९ | २०८१-११-०६ | GAJURMUKHI PRINTERS | ४८०२५०.०० | सोझै खरिद |
| गा.पा. चालु ३३४ | २०८१-१२-१५ | INFOTECH SUPPLIERS & TRADERS | ४९९२९९.०० | सोझै खरिद |
| गा.पा. चालु ५०५ | २०८२-०३-१७ | ALL OFFICE SUPPLIERS | ९३६३८८.०० | सोझै खरिद |
| गा.पा. चालु ५०२ | २०८२-०३-१७ | DAHAL SUPPLIERS AND TRADE | ८४७०७८.०० | सोझै खरिद |
| | | **जम्मा रकम** | **२७६३०१५.००** | |

३० **औषधी खरिद -**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरीभण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सोझै खरिद विधिबाट औषधि र उपकरण खरिद गरी ३ वटा फर्मलाई रु.२०४८७६५।- भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३०.१ मौज्दातमा रहेका ५ औषधीको म्याद परीक्षण गर्दा देहाय बमोजिम देखिएको छ ।

| सि. नं. | औषधीको नाम | म्याद समाप्त हुने मिति | नि:शूल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | Paracetamol 500 Mg | May, 2027 | For Supply Only |
| २ | Ranitiding 150 Mg | June, 2027 | For Supply Only |
| ३ | Amlodipine 5 Mg | August, 2026 | Is Only |
| ४ | Amoxicilline 500 Mg | July, 2027 | Is Only |
| ५ | Chlorpheniramine 4 Mg | April, 2028 | Is Only |

३०.२ पालिकाबाट खरिद गरेको औषधीको विवरण देहाय बमोजिम रहेको छ।

| गो.भौ.नं. | मिति | भुक्तानी विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| गा.पा. चालु ४३७ | २०८२-०२-२६ | भिमदेवी मेडिसिन सप्लायर्स | ९५५८७८ | औषधी खरिद |
| शसर्त चालु ३९ | २०८१-०८-२१ | रिद्धिशिद्धि मेडिटेक ईन्टरनेशनल | ९९४३६८ | औषधी खरिद |
| शसर्त चालु ९४ | २०८१-११-२७ | हिमशिखर साईन्टिफिक कन्सर्न | ९८५१९ | ल्याब केमिकल/ सामग्रि खरिद |
| | | **जम्मा रकम** | **२०४८७६५** | |

३०.३ औषधीको अभिलेख - स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानो नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही

परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन । तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख अध्यावधिक राख्नुपर्छ ।

३१ **कर्कट पाता खरिद** - (321-2082-02-09):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१) र (१ ख) मा व्यवस्था भए वमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक -पटक गरी सीमा भन्दा वढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न फुसको छाना हटाउने कार्यको लागि मिलन ट्रेड एण्ड सप्लायर्सवाट कर्कटपात (उपभोक्ता समिति वडा नं.३ मार्फत) सोझै खरिद गरी रु.११,७१,३७२/- खर्च गरेको छ । सार्वजनिक खरिद ऐन, नियमावली विपरित एउटै फर्म / र कारोवारमा रु. १० लाख भन्दा बढीको खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,७१,३७२ |

३२ **आन्तरिक आय** -

३२.१ आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४७०००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.४४२३९९५।- अर्थात अनुमान भन्दा ९४.१३ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३२.२ **राजश्व असूली** - पालिकाले पछिल्लो ३ आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः

| २०७९।८० को असुली | २०८०।८१ को असूली | २०८१।८२ को असूली |
|---|---|---|
| २०००००० | २७४०५५५ | ४४२३९९५ |

पालिकाको आ.व. २०७९।८० को तुलनामा २०८०।८१ मा ३७ प्रतिशतले र आ.व. २०८०।८१ को तुलनामा २०८१।८२ मा ६१ प्रतिशतले वृद्धि भएको देखिन्छ।

३२.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २४९६९९१९ | ४४२३९९५ | १.७७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३२.४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा पछिल्लो ३ वर्षको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आ.व. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| २०७९। ८० | भुमिकर/ मालपोत | १,५०,०००.०० | १,३६,५९५.०० | |
| | वहाल कर | ५०,०००.०० | ६४,२४८.०० | |
| | अन्य कर | १,००,०००.०० | १५,०००.०० | |
| | परीक्षा शुल्क | ५०,०००.०० | ४५,०००.०० | |
| | सिफारिश दस्तुर | ४,००,०००.०० | ४,६५,६४८.०० | |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | २,९९,५१०.०० | |
| | नाता प्रमाणित दस्तुर | १,००,०००.०० | ४९,८००.०० | |
| | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०,०००.०० | ५०,०००.०० | |
| | अन्य राजस्व | ८,००,०००.०० | ११,०९,१६६.०० | |
| | **जम्मा** | **२००००००.००** | **२२३४९६७.००** | **१११.७५** |
| २०८०। ८१ | भुमिकर/ मालपोत | ३,५०,०००.०० | ७,७०,६३८.०० | |
| | वहाल कर | ६५,०००.०० | ७३,६८२.०० | |
| | वहाल विटौरी कर | ०.०० | १,०००.०० | |
| | परीक्षा शुल्क | ५०,०००.०० | ०.०० | |
| | सिफारिश दस्तुर | ५,००,०००.०० | १०,७४,१००.०० | |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | २,०१,७००.०० | |
| | नाता प्रमाणित दस्तुर | १,००,०००.०० | १,०१,५००.०० | |
| | अन्य दस्तुर | ०.०० | ५,००,०००.०० | |
| | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८५,०००.०० | ५६,२६२.०० | |
| | अन्य राजस्व | १२,४०,५५५.०० | ५,५४,१९२.७६ | |
| | बेरुजु | ५०,०००.०० | ०.०० | |
| | **जम्मा** | **२७४०५५५.००** | **३३३३०७५.००** | **१२१.६२** |
| २०८१। ८२ | सम्पती कर | ५०,०००.०० | १०,७२८.०० | |
| | भुमिकर/ मालपोत | ७,००,०००.०० | ६,२९,५३२.०६ | |
| | वहाल कर | ६५,०००.०० | ९६,५६०.०० | |
| | वहाल विटौरी कर | ५,००,०००.०० | ०.०० | |
| | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३,३२,५००.०० | १,८२,५२३.९४ | |
| | अन्य कर | १,००,०००.०० | १,४६,६९९.०० | |
| | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ०.०० | ६,८००.०० | |
| | अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | २,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | विद्युत सेवा शुल्क | ०.०० | २००.०० | |
| | अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | १,९७,६८०.०० | |
| | परीक्षा शुल्क | ५०,०००.०० | १४,२००.०० | |
| | अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ५०,०००.०० | |
| | पार्किङ्ग शुल्क | ०.०० | ६००.०० | |
| | सिफारिश दस्तुर | ५,००,०००.०० | ५,२१,०३६.०० | |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | ४,००,०००.०० | ४,६८,४००.०० | |
| | नाता प्रमाणित दस्तुर | ५०,०००.०० | २९,०००.०० | |
| | अन्य दस्तुर | २,००,०००.०० | १८,७००.०० | |
| | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ७३,५४२.०० | |
| | विद्युत सम्बन्धी दस्तुर | ०.०० | ५००.०० | |
| | अन्य क्षेत्रको आय | ०.०० | २२,४००.०० | |
| | अन्य राजस्व | ११,५२,५००.०० | १९,०५,०९१.०० | |
| | बेरूजू | १,००,०००.०० | ४७,८०३.०० | |
| | **जम्मा** | **४७०००००.००** | **४४२३९९५.००** | **९४.१३** |

पालिकाको यस बर्ष विभिन्न करदाताबाट रु.७३५४२।– कर संकलन गरेता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख राखेको देखिएन एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने गरेको छ। पालिकाको गत २ बर्षको असूलीको तुलनामा यस बर्षको आय घटेको देखिएको छ । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३२.५ निकासि कर- पालिकाको आर्थिक ऐन, २०८१को दफा ६ मा कृषिजन्य, वन पैदावारबाट जडिबुटि, कवाडि र जिवजन्तु कर अनुसूची ५ बमोजिमको दरले पालिका क्षेत्रभित्र लगाउन सक्ने उल्लेख छ। पालिकाको सुत्रको हिसावमा यस वर्ष कृषिजन्य तथा पशुजन्य निकासी कर बापत रु.१८२५२४।–, आयकर शीर्षकमा रु.१४६६९९।– निकासी कर संकलन गरेकोमा सोको अभिलेख राखेको देखिएन। निकासी कर संकलन र सम्बन्धित राजश्व शीर्षकमा दाखिला सम्बन्धमा यकीन गर्नुपर्दछ।

३२.६ मूल्य अभिवृद्धि कर- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको विक्रि गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक ऐन, २०८१ मा पालिकाले स्थानीय कर तथा शुल्क संकलन गर्ने व्यवस्था छ। पालिकाले आर्थिक ऐनमा तोकोको दर अनुसार यसवर्ष अमानतबाट गिटि बालुवामा रु.३२३५४।- आम्दानी गरेको विवरण प्राप्त भएको छ। उक्त रकमको मूल्य अभिवृद्धि कर रु.४२०६।- संघीय राजश्व शीर्षक ३३३१७ मा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२०६ |

३२.७ राजश्व बांडफांट – कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ७(४) मा प्राकृतिक स्रोत संकलन तथा विक्रि शुल्कबाट संकलित राजश्व स्थानीय विभाज्य कोषमा जम्मा गरी ४० प्रतिशतले हुने रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक ऐन बमोजिम असुल गरेको ढुङ्गा, बालुवा विक्रि बापतको आय रु.३२३५४।– विभाज्य कोषमा दाखिला नगरी राजश्व खातामा दाखिला गरेको देखियो। उक्त रकम विभाज्य कोष खातामा दाखिला गरी ४० प्रतिशतले हुने रु.११२६०।– बाँडफाँड गर्नुपर्ने देखिन्छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका प्राकृतिक स्रोतजन्य वस्तुको विक्रि वापतको आय स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कानुनी व्यवस्थामा विविधता हुँदा राजश्व बाँडफांड सम्बन्धमा स्पष्टता नदेखिएकोले संघ तथा प्रदेशबाट जारी भएका कानूनमा द्धिविधा नहुने गरी पुनरावलोकन गरिनुपर्दछ।

३२.८ **नवीकरण शुल्क** - पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकामा २ इजाजतपत्र लिएका निर्माण व्यवसायिहरु रहेका छन। ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर समेत असूल गर्नुपर्दछ ।

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रम** -

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत ८९२ बेरोजगार दर्ता मध्ये पालिका अन्तर्गत ६ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई औसतमा ९९.५८ दिनले ६९७० दिन रोजगारी उपलव्ध गराई रु.४८१९०००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३४ **करुणा फाउण्डेशन** -

अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रम संचालनका लागी पालिका र करुणा फाउण्डेशन नेपाल बीच मिति २०८०।९।२३ मा सम्झौता भई मिति २०८०।१०।१ देखि २०८३ पौष मसान्तसम्म लागत साझेदारी कार्यक्रमको सम्झौता भएको देखियो। सम्झौता बमोजिम पहिलो दुइ वर्षमा पालिका, मन्त्रालय र साझैदार संस्थाले एक/ एक तिहाई लागत साझेदारी र तेस्रो वर्ष पालिकाले मन्त्रालयसँग मात्र लागत साझेदारी गर्ने र साझेदार संस्थाले प्राविधिक सहयोग उपलब्ध गराउने उल्लेख भएबमोजिम यसवर्ष लागत साझेदारी एक/एक तिहाईमा रु.१२८७३३३।- गरी कुल बजेट रु.३८६२०००।– को स्वीकृत कार्यक्रम रहेकोमा विभिन्न ३४ स्वीकृत कार्यक्रममा एक तिहाइ लागत साझेदारी रु.११७२६६।– का दरले रु.३५१८०००।– खर्च भएको देखिन्छ।

कार्यक्रममा तोकिएका सिप विकास, क्षमता विकास, शिक्षा अभिमुखिकरण, स्वास्थ्य उपचार सहयोग लगाएतका ३४ कार्यक्रम स्वीकृत भएकोमा ९१.०७ प्रतिशत प्रगति भएको देखियो। सम्झौताको परिपालना गरी कार्यक्रमको अनुगमन तथा मूल्याँकन र उपलब्धि समेत मापन गरी उदेश्य प्राप्ति गर्नु पर्दछ।

३५ **न्यानो झोला कार्यक्रम** -

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ बर्थिङ सेन्टरमा शोभा कपडा उद्योग ईटहरीबाट यस वर्ष ५० थानको रु.४४९९६।- खरिद गरेकोमा १९ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका पुरानो र नयाँ समेत ५० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय

झोला खरिद गर्नुपर्दछ ।साथै, लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

३६ **शिक्षातर्फः**

३६.१ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं | विद्यालयकोनामव | वडा नं. | शिक्षकदरवन्दि | पदपुर्ति | पदपुर्तिमध्य करार | विद्यार्थीसंख्या ८१ | अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | आकासदेविआधारभुत विद्यालय | ३ | ३ | ३ | ० | १९ | १:०६ |
| २ | बालोदयआधारभुत विद्यालय | ५ | १५ | १५ | ३ | २०० | १:१३ |
| ३ | बालसेवाआधारभुत विद्यालय | १ | २ | २ | १ | ३४ | १:१७ |
| ४ | भानुआधारभुत विद्यालय | ६ | ६ | २ | ४ | ६४ | १:१० |
| ५ | विजयआधारभुत विद्यालय | २ | ३ | ३ | २ | २६ | १:०८ |
| ६ | विश्वआधारभुत विद्यालय | ४ | ६ | ६ | २ | ५८ | १:०९ |
| ७ | बुढाभैरुङआधारभुत विद्यालय | ६ | ३ | ३ | ० | ३८ | १:१२ |
| ८ | चण्डेश्वरीआधारभुत विद्यलय | २ | ३ | ३ | ३ | २४ | १:०८ |
| ९ | चिसापानीमाध्यामिक विद्यालय | ५ | ३० | २९ | १३ | ६८८ | १:२२ |
| १० | जलेश्वरीआधारभुत विद्यालय | ३ | ७ | ७ | ३ | ७० | १:१० |
| ११ | जलेश्वरीमाध्यामिक विद्यालय | ४ | ५ | ५ | ३ | २४६ | १:४९ |
| १२ | जाल्पादेविआधारभुत विद्यालय | ४ | ३ | ३ | २ | ४३ | १:१४ |
| १३ | जनज्योतीआधारभुत विद्यालय | ५ | ३ | ३ | ० | ४४ | १:१४ |
| १४ | जनबहुमुखिआधारभुत विद्यालय | ५ | २ | २ | ० | १४ | १:०७ |
| १५ | जनज्योतीआधारभुत विद्यालय | २ | ३ | ३ | १ | २८ | १:०९ |
| १६ | कन्याछाङ्गाआधारभुत विद्यालय | २ | १ | १ | १ | ६ | १:०३ |
| १७ | लक्ष्मीमाध्यामिक विद्यालय | ३ | १० | १० | ४ | १४९ | १:१४ |
| १८ | महेन्द्रज्योतिआधारभुत विद्यालय | ४ | २ | २ | १ | ३६ | १:१८ |
| १९ | पैयाटारआधारभुत विद्यालय | ६ | ३ | ३ | ० | ४६ | १:१५ |
| २० | पञ्चकन्याआधारभुत विद्यालय | ४ | ३ | ३ | १ | २६ | १:०८ |
| २१ | पञ्चकन्याआधारभुत विद्यालय | १ | ३ | ३ | ३ | ५४ | १:१८ |
| २२ | पञ्चकन्याआधारभुत विद्यालय | २ | ३ | ३ | १ | २० | १:०६ |
| २३ | पञ्चकन्याआधारभुत विद्यालय | २ | १ | १ | १ | ४ | १:०४ |
| २४ | पृथ्वीआधारभुत विद्यालय | ५ | ४ | ४ | २ | ३२ | १:०८ |
| २५ | पृथ्वीआधारभुत विद्यालय | ६ | ४ | ४ | १ | २३ | १:०५ |
| २६ | सावित्राआधारभुत विद्यालय | १ | ४ | ४ | ३ | ११८ | १:२९ |
| २७ | शारदाआधारभुत विद्यालय | २ | १ | १ | १ | १९ | १:१९ |
| २८ | सरस्वतीआधारभुत विद्यालय | ५ | २ | २ | २ | २१ | १:१० |
| २९ | शिक्षाज्योती माध्यामिक विद्यालय | १ | ७ | ७ | ३ | १४० | १:२० |
| ३० | शिक्षानिकेतन माध्यामिक विद्यालय | १ | ९ | ९ | ४ | १९३ | १:२१ |
| ३१ | सिद्देश्वरीआधारभुत विद्यालय | ६ | २ | २ | २ | २४ | १:१२ |
| ३२ | सिद्देश्वरीआधारभुत विद्यालय | ३ | २ | २ | १ | २९ | १:१४ |
| ३३ | शिक्षा सदनआधारभुत विद्यालय | १ | १ | १ | ० | २१ | १:२१ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४ | सिंहदेविआधारभुत विद्यालय | ५ | १ | १ | १ | १९ | १:१९ |
| ३५ | सिंहदेविमाध्यामिक विद्यालय | २ | ९ | ९ | ५ | २०१ | १:२२ |
| ३६ | सिर्जनात्मकआधारभुत विद्यालय | २ | १ | १ | ० | ३६ | १:३६ |
| जम्मा | | १२१ | १६७ | १६२ | ७४ | २८१३ | |

उल्लेखित ३६ वटा विद्यालयहरु मध्ये ५ विद्यालयहरुमा २८ जना विद्यार्थीभन्दा कम रहेको विवरण बाट देखिन्छ। पालिका शिक्षा ऐन, ७५ बमोजिम शिक्षक तथा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान हुनुपर्दछ।

३६.२ **राजश्व बाँडफाँडबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई राजश्व बाँडफाँडबाट रु.१३७०५८६५।- तलब भत्ता भुक्तानी गरेको छ। विद्यार्थी शिक्षक अनुपातमा दरबन्दी मिलान गरिनुपर्दछ।

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| 1 | AAKASHDEVI ADHARBHUT BIDHYALAYA | 144666.0 |
| 2 | KANYACHHAGA ADHARBHUT BIDHYALAYA | 187000.0 |
| 3 | CHANDESHWARI ADHARBHUT BIDHYALAYA | 296000.0 |
| 4 | CHISAPANI MA.VI | 387000.0 |
| 5 | JANAJYOTI ADHARBHUT BIDHYALAYA | 296000.0 |
| 6 | JANAJYOTI ADHARBHUT BIDHYALAYA | 148633.0 |
| 7 | JANABAHUMUKHI AADHARVUT VIDHYALAYA | 296000.0 |
| 8 | JALESWARI ADHARBHUT BIDHYALAYA | 709000.0 |
| 9 | JALESWARI MA.VI. | 892967.0 |
| 10 | JALPA DEVI ADHARBHUT BIDHYALAYA | 182000.0 |
| 11 | PANCHA KANYA ADHARBHUT BIDHYALAYA | 126000.0 |
| 12 | PANCHAKANYA ADHARBHUT BIDHYALAYA | 91000.0 |
| 13 | PANCHAKANYA PRIMARY SCHOOL | 182000.0 |
| 14 | PANCHAKANYA ADHARBHUT BIDHYALAYA | 182000.0 |
| 15 | PRITHIBI AADHARVUT BIDHYALAYA | 182000.0 |
| 16 | PRITHIBI AADHARVUT BIDHYALAYA | 296000.0 |
| 17 | PAINYATAR AADHARBHUT BIDHYALAYA | 333433.0 |
| 18 | BUDHABHAIRUNG ADHARBHUT BIDHYALAYA | 182000.0 |
| 19 | BALSEWA ADHARBHUT BIDHYALAYA | 296000.0 |
| 20 | SHREE BHANU ADHARBHUT BIDHYALAYA | 571000.0 |
| 21 | MAHENDRA JYOTI PRATHAMIK BIDHYALAYA | 296000.0 |
| 22 | LAXMI MADHAYAMIK VIDHYALAYA | 823400.0 |
| 23 | BIJAYA ADHARBHUT BIDHYALAYA | 296000.0 |
| 24 | BISHWAJYOTI ADHARBHUT BIDHYALAYA | 413000.0 |
| 25 | BALODAYA ADHARBHUT BIDHYALAYA | 478000.0 |
| 26 | SHARADA PRIMARY SCHOOL | 296000.0 |
| 27 | SHIKSHYAJYOTI MADHYAMIK VIDHYALAYA | 1176600.0 |
| 28 | SHREE SHIKSHA NIKETAN AUTARI MA VI | 592000.0 |
| 29 | SHIKSHA SADAN JANATA A. BIDHYALAYA | 296000.0 |
| 30 | SARASWOTI AADHARBHUT VIDHYALAYA | 296000.0 |
| 31 | SABITRA ADHARBHUT BIDHYALAYA | 875065.0 |
| 32 | SHIDDESHWARI ADHARBHUT BIDHYALAYA | 182000.0 |
| 33 | SIDDHESHWORI PRATHAMIK BIDHYALAYA | 182000.0 |
| 34 | SIRJANATMAK ADHARBHUT BIDHYALAYA | 435866.0 |
| 35 | SINGHADEVI AADHARBHUT BIDHYALAYA | 182000.0 |
| 36 | SINGHA DEVI MA.VI. | 820200.0 |

| | Total | 13620830.0 |
|---|---|---|

३६.३ **विद्यालयलाई प्रति विधार्थी अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.६४२८५८१।- निकासा गरेको छ। पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र.स. | विद्यालयको नाम | अनुदान प्रकार | रकम |
|---|---|---|---|
| १ | विभिन्न ३६ | दिवा खाजा | ३६२९०५९ |
| २ | विभिन्न ३६ | पि.सि.एम | ५६१७०० |
| ३ | विभिन्न २८ विद्यालय | इन्टरनेट | ३८७८०१ |
| ४ | विभिन्न ३६ विद्यालय | पाठ्यपुस्तक | १५८१६२१ |
| ५ | विभिन्न ३६ विद्यालय | छात्रवृत्ति | २६८४०० |
| | **जम्मा** | | **६४२८५८१** |

३६.४ **निःशुल्क शिक्षाः**-नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो ३६ क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

३६.५ स्यानिटरी प्याड- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७५६ जना रहेका छन। पालिकाले पब्लिक सप्लायर्स गाईघाटबाट ७४४१ थान स्यानिटरी प्याड रु.६४८५५७।- (मु.अ.कर.समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयलाई हस्तान्तरण गरेको देखिन्छ। खरिद गरिएका प्याडहरु विद्यालयमा भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखिनुपर्दछ। पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

३६.६ **आवासिय अनुदानः** पालिकाको आवासिय विद्यालय सञ्चालन कार्यविधि, २०८१ को दफा १३ अनुसार आवासिय विद्यालयले आवास तथा मेस सम्वन्धी प्रतिवेदन त्रैमासिक रुपमा बुझाउनुपर्ने र दफा १४ अनुसार अनुगमन समिति र शिक्षा शाखाले नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ । विद्यालयले आवास तथा मेस व्यवस्थापनको लागि लक्ष्मी माध्यमिक विद्यालयलाई वार्षिक रु.१७,००,०००.०० अनुदान खर्च लेखेको छ । उक्त अनुदान रकम खर्च भएको बिलभरपाई प्रमाणहरु विद्यालयले पेश गरेको तर आवास तथा मेस सम्वन्धी त्रैमासिक प्रतिवेदन अनुगमन समिति र शिक्षा शाखाले नियमित अनुगमन गरेको अनुगमन प्रतिवेदन पेश भएको छैन । अनुगमन समिति र शिक्षा शाखाले नियमित अनुगमन गरी अनुदान रकमको उपयोगको सम्वन्धमा सुनिश्चित हुनुपर्दछ ।

३७ **वालविकास अनुदानः**

पालिकाको करारमा अनुदान शिक्षक, बालविकास सहजकर्ता, विद्यालय सहयोगी, विद्यलाय सहायक कर्मचारी तथा सामुदायिक सिकाई केन्द्रका परिचालकहरुको व्यवस्थापन सम्वन्धि कार्यविधि,२०७९ को दफा ५(क) अनुसार प्रारम्भिक वालकक्षाको लागि विद्यार्थी संख्या न्युनतम ५ वालवालिका भएकोमा १ वालविकास सहजकर्ता रहने व्यवस्था छ । बालकक्षा (ECD) मा ४ जना मात्र वालवालिका रहेको तपसिलको आधारभुत विद्यालयलाई वालसहजकर्ताको लागि निकासा रु.४,१०,०००.०० गरेको देखिन्छ । कार्यविधिले तोकेको न्युनतम संख्या नपुगेको विद्यालयलाई वालसहजकर्ताको लागि निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | विद्यार्थी संख्या | मासिक | वार्षिक |
|---|---|---|---|---|
| १ | जनज्योति आ.वि.-२ | ४ | १५००० | २०५००० |
| २ | वालसेवा आ.वि.-१ | ४ | १५००० | २०५००० |
| | जम्मा | | | ४१०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१०,००० |

३८ **शिक्षक सरुवा र रमाना**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **५९,६९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **३९,७९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **२७,८६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **विद्यालयमा जिन्सी दाखिलाः** (११०-2081-12-22):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **६४९,७८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४० **प्रशिक्षण कार्यक्रमः**

४०.१ (३७८-2082-01-27):

**लेखा व्यवस्थापन तालिमः** अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०८१ को अनुसूची-११ को दफा १९.४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सवै प्रकारका तालिम अन्तर्गत अधिकृतस्तरको तालिममा प्रशिक्षकको कक्षा संचालन वापत प्रतिकक्षा

रु.४००, कार्यपत्र वापत प्रतिकक्षा रु.१०००, प्रतिवेदन वापत एकमुष्ट रु.३०००, संयोजक भत्ता वापत प्रतिदिन रु.३०० का दरले पाउने उल्लेख छ । दश वटा सहकारी संस्थाका पदाधिकारीलाई ५ दिने लेखा व्यवस्थापन तालिममा प्रशिक्षक श्री नविन मैनालीलाई पालिकाले आतेजाते प्लेन टिकट, ट्याक्सी भाडा र खाना वासको व्यवस्थामा खर्च गरेको छ । श्री नविन मैनालीलाई प्रशिक्षण र कार्यपत्र गरि रु.१४०० प्रतिशेसनका दरले २० शेसनको रु.२८००० भुक्तानी हुनुपर्नेमा प्रतिशेसन रु.४००० का दरले जम्मा रु.८०००० भुकतानी भएको छ । प्रशिक्षण भत्ता र कार्यपत्र वापत मापदण्डमा तोकिए भन्दा बढी रु.५२००० भुक्तानी भएको छ । निर्देशिकाले तोके भन्दा बढी दरमा भुक्तानी भएको करकट्टि पछिको रु.४४२०० भत्ता असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,२०० |

४०.२ (४८९-2082-03-15):

**अन्तरक्रिया कार्यक्रम-** अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०८१ को अनुसूची-११ को दफा १९.४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सवै प्रकारका तालिम अन्तर्गत अधिकृतस्तरको तालिममा प्रशिक्षकको कक्षा संचालन वापत प्रतिकक्षा रु.४००, कार्यपत्र वापत प्रतिकक्षा रु.१०००, प्रतिवेदन वापत एकमुष्ट रु.३०००, संयोजक भत्ता वापत प्रतिदिन रु.३०० का दरले पाउने उल्लेख छ । साथै सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने उल्लेख छ । महिला एकता अध्ययन केन्द्रले मिति २०८२ जेठ १२ देखि १४ सम्म संचालन गरेको दलित महिला लक्षित जातीय विभेद सम्वन्धि तालिम अन्तर्क्रियामा रु.२,८५,८०८.०० खर्च भएको देखिन्छ । पालिकाले लागत अनुमान तयार नगरी सिधै प्रस्ताव माग गरि छनौट गरेको आधारमा महिला एकता अध्ययन केन्द्रले कार्यक्रम संचालन गरेको आधारमा भुक्तानी गर्दा रु.२८,९००.०० बढी भुक्तानी भएको देखिन्छ । संचालित कार्यक्रममा लागत अनुमान तयार नगरी तोकिएको सरकारी मापदण्ड भन्दा बढी दरमा भुक्तानी गरेको प्रशिक्षण. प्रतिवेदन, कार्यक्रम संयोजन भत्ता असुल गर्नुपर्ने रु.

| सि.नं. | किसिम | शेसन/दिन | तोकिएको दर | भुक्तानी जम्मा | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | प्रशिक्षण | १८ वटा | १४०० | ४५००० | १९८०० |
| २ | प्रतिवेदन तयार | १ वटा | ३००० | ७५०० | २५०० |
| ३ | कार्यक्रम संयोजन | ३ दिन | ३०० | ७५०० | ६६०० |
| | जम्मा | | | | २८९०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,९०० |

४१ **सहायताको वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। कार्यपालिकाको वैठकको निर्णय तोक आदेशको आधारमा बिल भरपाई वेगर तपसिलको व्यक्ती वा संस्थालाई रु.२,२०,०००.०० आर्थिक सहायता प्रदान गरिएको देखियो । तोक आदेशको आधारमा विल भरपाई वेगर वितरण गरिएको आर्थिक सहायता नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | मिति | सहायता विवरण | सहायता प्राप्त गर्ने | रकम |
|---|---|---|---|---|
| १ | २९४-०८१।११।२९ | खेलकुद सहयोग | नमुना स्पोर्टस क्लब | २५००० |
| २ | ४३६-०८२।२।२६ | खेलकुद सहयोग | श्री रविन राई | ४५००० |
| ३ | ४४०-०८२।३।२ | खेलकुद सहयोग | गापा राष्ट्रिय महासंघ | ३०००० |
| ४ | ४४६-०८२।३।४ | खेलकुद सहयोग | जिवन कुमार राई | २०००० |
| ५ | ४६५-०८२।३।११ | खेलकुद सहयोग | नेपाल खेलकुद प्रतिष्ठान | १००००० |
| | | | जम्मा | २२०००० |

| अनियमित भएको | २,२०,००० |
|---|---|

४२ **हस्तलेखन सिप तालिमः** (५६८-2082-03-23):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । स्कुल अफ हेण्डराइटिङ प्रा.लि.लाई हस्तलेखन सिप तालिम संचालन वापत रु.३,००,०००.०० भुक्तानी गरेको छ । उक्त तालिममा लक्ष्मी मा.वि.का कक्षा ४-९ सम्मका ८३ जना र चिसापानी मा.वि. का कक्षा ८-१० सम्मका २०० जना सहभागि हुने गरी नामावली पठाएकोमा तालिममा सहभागी हुनेको नामावली अनुसार उपस्थित भएको हाजिरी, तालिम संचालन अवधि, समय र स्थान खुलेको प्रमाण संलग्न गरेको छैन । हस्तलेखन सिप तालिम लिने विद्यार्थीहरुको हाजिरी, तालिम संचालन अवधि, समय र स्थान खुलेको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३,००,००० |
|---|---|

४३ **लागत अनुमान -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ३४.८३ देखि ०.२१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको देखिन्छ । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी देहाय बमोजिमको योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.स. | योजनाहरुको नाम | ठेक्का नं. | बोलपत्र दाता | ल.ई. | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी मा.वि. चार कोठे भवन | JRM/WORK/NCB/०१/२०८१/८२ | बेल्टारे निर्माण सेवा | १६२२४५९५.५२ | १११८९५२०.८१ | ३१.२८ |
| २ | चिसापानी बजार ढलान | JRM/WORK/NCB/०४/२०८१/८२ | भिमा कन्स्ट्रक्सन | ६५०९२९६.३४ | ४२४२२१५.८८ | ३४.८३ |
| ३ | चिस्यान केन्द्र भवन निर्माण सम्पन्न क्रमागत | JRM/WORK/NCB/०५/२०८१/८२ | चण्डेश्वरी कन्स्ट्रक्सन | ९५४५१९७.२८ | ९४७३४७५.९७ | ०.७५ |
| ४ | वडा नं. ६ को वडा कार्यालय भवन | JRM/WORK/NCB/०३/२०८१/८२ | भिमा कन्स्ट्रक्सन | ७७१०९०२.८९ | ५१७३७९९.७१ | ३२.९० |
| ५ | सामुदायिक स्वावस्थ्य इकाई | JRM/WORK/NCB/०७/२०८१/८२ | सम्यक कन्स्ट्रक्सन | २६४०१६५.२५ | १९७४९५८.३६ | २५.२० |
| ६ | फर्निचर एण्ड फिक्सचर्स | JRM/GOOS/NCB/०१/२०८१/८२ | देशु इन्टरनेशनल | २४०९४४४.३१ | १९०४३३२.५ | २०.९६ |
| ७ | जन्तेढुङ्गा खानेपानी आयोजना-४ | JRM/WORK/NCB/०२/२०८१/८२ | उनन् निर्माण सेवा | १६६८१८९५.१६ | ११९४३४६१.०५ | २८.४० |
| ८ | जन्तेढुङ्गा खानेपानी आयोजना-०४(ii) | JRM/WORK/SQ/०१/२०८१/८२ | सम्यक कन्स्ट्रक्सन | १९३०२४३.५३ | १९२६२३०.९ | ०.२१ |
| | | | | **६,३६,५१,७४०.३** | **४,७८,२७,९९५.२** | |

४४ **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहले पालना गर्नुपर्ने बजेट शीर्षक समेतको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार पूँजिगत शीर्षकमा विनियोजित बजेटबाट चालु प्रकृतिको रू.८११८२०।- खर्च गरेको देखियो। विनियोजित बजेट तथा आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या भन्दा फरक खर्च नियम सम्मत नदेखिएको रु.

| क्र.सं. | भुक्तानीपाउने व्यक्ति/ संस्थाकोनाम | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | भलिवलखेलविकास | भलिवलखेलविकास | १,४४,०००.०० | भलिवल सम्बन्धि सामान खरिद वडा वजेट |
| २ | श्री सहदेव पोखरेल | कृषिप्रदर्शनी | २,००,००० | |
| ३ | श्री कल्पना श्रेष्ठ | कर्मचारीव्यवस्थापन | २४०००० (प्रति महिना २०००० का दरले) | वडाको वजेट |
| ४ | बोपुङ्ग खेलकुद विकास समिति | खेलकुद | ३१६६० | वडाको वजेट |
| ५ | श्री गणेश राई समेत ४ जना वाटो हेरालु | वाटो सरसफाई | ९८४९६ | वडाको वजेट |
| ६ | श्री विधान राई | खेलकुद सहभागीता खर्च | २०००० | वडाको वजेट |
| ७ | श्री परिस्ता बस्नेत | वाख्रा पालन तथा प्रवर्द्धन | २५००० | |
| ८ | श्री चन्द्रकला राई | कर्मचारी व्यवस्थापन | ३७६६४ | डोर हाजिरीवाट वडा नं १ |
| ९ | श्री ढक वहादुर खड्का | विपद् व्यवस्थापन | १०००० | |
| १० | श्री प्रविन राई | अतिथि सत्कार | ३०००० | वडाको वजेट |
| ११ | खेलकुद तथा युवा समिति | खेलकुद सामान खरिद | १४४००० | वडाको वजेट |
| जम्मा | | | ८११८२० | |

| अनियमित भएको | ८,११,८२० |
|---|---|

४५ **चिसापानी बजार सडक निर्माण( ठेक्का नं.०४।२०८१।०८२) -**

सार्वजनिक खरिद नियमाबली, २०६४ (संशोधन समेत) को नियम ११७ को (२क) मा उपनियम १ मा निर्माण कार्यको हकमा कम्तीमा नब्वे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरूप सो निर्माण कार्य कम्तिमा प्रयोग वा संचालनमा आएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसयीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले चिसापानी बजार सडक निर्माणको लागि रु.६५,०९,२९६/३४ लागत अनुमान स्वीकृत भई रु.४२,४२,२१५।८८ अर्थात ३४.८३ प्रतिशत घटिमा भीमा कन्स्ट्रक्सनसँग मिति २०८१।११।२२ मा सम्झौता गरी २०८३।०३। १५ सम्ममा निर्माण सम्पन्न गर्ने गरी कार्यादेश दिईएको देखिन्छ । पालिकाले निर्माण व्यवसायीले पेश गरेको ठेक्का विल अनुसार रु.३५,९७,३५७।४३ को कार्य अर्थात ८४.७८ प्रतिशत मात्र गरेको देखिन्छ । निर्माण व्यवसायीले BOQ मा तोकिएका सवै आइटमको कार्य गरेता पनि संझौता वमोजिम पूरै परिमाणमा कार्य नगरी १५.२२ प्रतिशत कम प्रगति मै कार्य स्वीकार गरेको देखियो । निर्माण व्यवसायीले ३४.८३ प्रतिशत घटिमा कवोल गरेको अवस्थामा पालिकाले पूरै काम नगराउँदा रु. ६,४४,८५८/- फरक परेको कारण सहित भेरिएशन स्वीकृत भएको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६,४४,८५८ |
|---|---|

४६ **एकमुष्ठ विनियोजन खर्च (संघीय स्वास्थ्य सशर्त कार्यक्रम) -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ (१) अनुसार सरकारी रकम खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सर्शत अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धी मार्गदर्शन २०८१।८२ (स्वास्थ्यतर्फ) मा कर्मचारीहरुको तलव, महंगी भत्ता, स्थानिय भत्ता लगायत अनिवार्य दायित्वमा बाहेक अन्य शिर्षकमा रकम विनियोजन गर्न नपाइने उल्लेख छ । कर्मचारीहरुको तलव, महंगी भत्ता, स्थानिय भत्ता, लगायत अनिवार्य दायित्व शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत ४ जना कर्मचारीहरुलाई ईमर्जेसीमा कार्य गरेको तलव स्केलको सुरु तलवको एक दिनको तलव वरावर ईमर्जेसी भत्ता दिने कार्यपालिकाको मिति को वैठकको बुँदा नं.४ मा उल्लेख भएको आधारमा निम्नानुसारका भौचर र मितिवाट रु.१५,४२,३३४/- खर्च लेखेको छ ।उक्त भत्ता खर्चको काम गरेको विवरण र हाजिरी समेत राखेको छैन। संघीय स्वास्थ्य सर्शत अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्वन्धी मार्गदर्शन २०८१।८२ मा प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुलाई ईमर्जेसीमा कार्य गरे वापत भत्ता दिने व्यवस्था नरहेकोले पालिकाको निर्णयानुसार फरक शीर्षकमा खर्च भएको रकम नियमसम्मत नदेखिएको रु.

| गोश्वारा भौचर नं. | मिति | रकम |
|---|---|---|
| १९ | २०८१।६।१७ | २५६६६२ |
| ४२ | २०८१।८।२४ | २६५३०० |
| ८६ | २०८१।११।६ | २४०७१४ |
| ९३ | २०८१।११।२७ | १३७२२० |
| १३७ | २०८२।३।२१ | ४१५८२२ |
| २१७ | २०८२।३।१९ | १०१४४४ |
| २४३ | २०८२।३।२४ | २५२०८ |
| २३३ | २०८२।३।२३ | ९९९६४ |
| जम्मा | | १५,४२३३४/- |

| अनियमित भएको | १५,४२,३३४ |
|---|---|

४७ **ठेक्का नं. Jantedhunga/NCB/Works/02/2077/078 -**

एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा नगरस्तरीय १५ शैया अस्पताल निर्माणको लागि लागत अनुमान रु.२१,७९,९८,५६३।८५ स्वीकृत भई निर्माण व्यवसायी ड्रागन रियर जे.भि.सँग रु.२०,००,७१,५९०।२७ निर्माण कार्य मिति २०७८।३।२५ मा सम्झौता भई मिति २०७९।०३।२५ सम्म कार्य सम्पन्न गरिसक्नु पर्ने गरी ठेक्का व्यवस्थापन भएको देखिन्छ । यस आर्थिक वर्ष २०८१।०८२ सम्म ४ वटा रनिङ्ग विलवाट रु. ६,२१,९६,६३०.३३ भुक्तानी भएको छ । यस वर्ष तेस्रो र चौथो रनिङ विलवाट रु.२,१३,८५,४२३।२३ भुक्तानी भएको देखियो । सो सम्वन्धमा देखिएका थप वेहोरा निम्नानुसार छन्

४७.१

भेरिएशन - डिजाईन परिवर्तन भएको कारण भेरियसन आदेश जारी गरी लागत अनुमान रु. २१,७९,९८,५६३।८५ बाट वृद्धि गरी रु.२५,९४,३३,९२६।६२ भएको छ । भेरिएशन पछि सम्झौता रकम रु.२०,००,७१,५९०।२७ बाट वृद्धि भई रु.२२,७३,८१,५७४/- कायम भएको देखियो । सुरु सम्झौतामा रु.२,७३,०९,९८३।७० अर्थात १३.८२ प्रतिशत थप भई लागत बढेको देखिन्छ ।

४७.२ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम १ ऐनको दफा ५६ बमोजिमको अवस्था गरी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधीभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रादायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगाबै निर्धारित अवधिको कार्य सम्पादन जमानत, विमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक कागजात संलग्न राखी सार्वजनिक निकायमा पेश गर्नुपर्दछ । उपनियम २ मा (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने वा गराउन सक्ने व्यवस्था छ । पालिकाले निर्माण कार्यको प्रथम पटक मिति २०७९।०७।०२ मा निर्णय गरी सुरुको म्यादको शत प्रतिशत हुने गरी २०८०।०३।२५ सम्म म्याद थप गरिएको, दोस्रो पटक २०८१।०३।३० सम्म तथा तेस्रो पटक २०८१।०९।१७ सम्म म्याद थप हुँदा समेत कार्य सम्पन्न नभएको कारण चौथो पटक कार्यपालिकाको मिति २०८१।९।२९ को निर्णयले मिति २०८२।३।१५ र पाँचौ पटक कार्यपालिकाको मिति २०८२।३।७ को निर्णयवाट २०८२।११।१५ सम्म म्याद थप गरेको देखिन्छ । सम्झौताको सुरु वर्षमा निर्माण व्यवसायीले ड्रइङ्ग डिजाइनको कारण जनाई कार्य ढिलो गरेकोमा निर्माण व्यवसायीलाई ५ पटक सम्म म्याद थप गर्दा समेत हाल सम्म २६.८६ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । लामो समयसम्म निर्माण कार्य नहुँदा निर्माण गरेको संरचना भत्किने नासिने तथा गुणस्तरमा ह्रास आउने मात्र नभई निर्माण लागत र समय समेत बढ्न जाने देखिन्छ । कार्य सम्पन्न गर्न गराउन जिम्मेवार पदाधिकारी तथा निकायले जिम्मेवारीता वहन गर्नुपर्दछ ।

४७.३ **मोविलाइजेशन पेश्की** - संझौताको GCC को वुँदा नं ५७.३ मा निर्माण व्यवसायीले लिएको पेश्की संझौता भएको ३० प्रतिशत रकम भुक्तानी प्रति प्रत्येक रनिङ विल ४० प्रतिशत रकम कट्टि गर्नुपर्ने र संझौता अवधिको ८० प्रतिशत समय समाप्त भए पछि सवै पेश्की कट्टि हुनुपर्ने उल्लेख भएकोमा निर्माण व्यवसायीले लिएको पेश्की प्राइम वैंक लि. को ग्यारेण्टी नं. 006-22-004AG वाट रु. १,७४,८०,०००/- राखी रु. १,७४,००,०००/- लिएको पेश्की हलसम्म कट्टि भएको देखिएन । सम्झौतामा ८० प्रतिशत अवधि समाप्त भए पछि मोविलाईजेशन पेश्की कट्टि हुनुपर्ने उल्लेख भएकोमा वित्तिय प्रगति ३० प्रतिशत नपुगेको कारण मोविलाइजेशन पेश्की कट्टि नभएको पालिकाको भनाई रहेको छ ।

४७.४ स्थलगत लेखापरीक्षण - पालिकाका कार्मचारी र लेखापरीक्षण टोलीको संयुक्त स्थलगत निरीक्षण गर्दा निमार्णाधिन अस्पतालको २०८२ श्रावण देखि २ वटा पिलर मात्रको कार्य भएको, निर्माण स्थलमा रहेका फलामे दण्डीहरुमा खिया लागेको, सिमेन्ट बोराहरु विग्रिएको, कामदारहरु निर्माणस्थलमा नदेखिएको, भवनको एक साईडमा पहिरो खसेको अवस्था देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रिहरुको गुणस्तर यकिन गरेर मात्र प्रयोग हुनुपर्ने देखिन्छ ।



४८ **लक्ष्मी मा.वि. भवन निर्माण -**

प्रदेश सरकारवाट प्राप्त अनुदान कार्यक्रमवाट लक्ष्मी मा.वि.को ९ कोठा भवन निर्माणको लागि रु. १,६२,२४,५९९/०४ लागत अनुमान स्वीकृत निर्माण व्यवसायी वेलटारे निर्माणको कवोल अंक भई रु १,११,८९,५२०।१८ को निर्माण कार्य मिति २०८१।०८।२७ मा सम्झौता गरी २०८३।०३।१४ सम्ममा निर्माण सम्पन्न गर्ने गरी कार्यादेश दिईएको देखिन्छ । यस आर्थिक वर्ष सम्ममा एक रनिङ्ग विलवाट रु.५९,११,७९४/२४ खर्च भई वित्तीय प्रगति ५२.२८ प्रतिशत तथा भौतिक प्रगति ५२.६७ प्रतिशत भएको देखियो । निर्माण

व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको संझौताको बुँदा नं. SCC (GCC 34.3) मा उल्लेख भएको शर्तमा निर्माण व्यवसायीले हरेक ६० दिनमा कार्यतालिका अपडेट समेत गरेको छैन । सम्झौता वमोजिम तोकिएको कार्यलालिका अनुसार कार्य गर्नु गराउनु पर्दछ ।

४९ **ठेक्का नं. Jantedhunga/NCB/Works/01/2077-78, जन्तेढुंगा पार्क -**

संघीय पर्यटन मन्त्रालय र पालिका वीच ७०/३० को साझेदारीमा गर्ने संझौता वमोजिम जन्तेढुंगा पार्क निर्माणको लागि स्वामीनारायण/ एन.आर.के. विल्डर्स/मोहन एण्ड व्यासी गाउँ जे.भि. सँग रु.२,६९,०४,७५८।०८ रकममा सम्झौता भई मिति २०७९।११।३० सम्ममा सम्पन्न गर्ने कार्यदिश दिएको देखियो । यस वर्ष पर्यटन मन्त्रालयवाट वजेट विनियोजन नभएको कारण निर्माण व्यवसायीलाई कुनै भुक्तानी भएको देखिएन । गत आर्थिक वर्ष सम्ममा कुल रु.४५,७३,८०३।१३ भुक्तानी भई १६.५९% भौतिक प्रगति भएको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । त्यस्तै दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने, सम्झौता अन्त्य गरेको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ । निर्माण व्यवसायीले पहिलो पटक म्याद थप गर्दा कार्य सम्पन्न नगरेको कारण दोस्रो पटक २०८२।०३।१५ सम्म थप भएको देखियो । पटक पटक म्याद थप्दा पनि काम अगाडी नबढेको तथा पालिकाले कानुन बमोजिम कारबाही समेत गरेको नदेखिएकोले सम्बन्धित निर्माण व्यवसायीलाई जिम्मेवार बनाई थप भएको समयमा काम सक्न लगाउने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम कारबाही गर्नुपर्दछ । आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षणको प्रतिवेदनमा समेत निर्माण व्यवसायीलाई दिएको मोविलाईजेशन जोखिममा रहेको रु. ४५,००,०००/- वेरुजु कायम भएकोमा मोविलाइजेशन पेश्की फर्स्यौट भएको छैन ।

५० **ठेक्का नं. JRM/Works/NCB-02/2080-8 -**

होङमापोखरी बुवाखोला बोपुङ सडक निर्माण तथा स्तरोन्नतिको कार्यको लागि बि. एण्ड बि. स्टार कन्स्ट्रक्सनसँग रु.४८,६९,६५४।५१ रकममा सम्झौता भई मिति २०८०।१२।३० सम्म कार्य सम्पन्न गर्ने गरी कार्यदिश दिईएकोमा मिति २०८०।१२।२७ को निर्णयले २०८१।०२।३२ सम्म म्याद थप गरेको देखियो । हालसम्म पालिकाको निर्णय अनुसार रु.४२७४९। पूर्वनिर्धारित क्षतिपूर्ति लगाई रु.२१,१५,९९१। भुक्तानी तर निर्माण व्यवसायीलाई कार्य सम्पन्न गर्नको लागि कुनै ताकेता पनि नगरेको तथा निर्माण व्यवसायीले पनि थप कुनै काम गरेको देखिँदैन । उक्त निर्माण कार्यको हालसम्म ४३.८ प्रतिशत मात्र भौतिक प्रगति भएको देखियो । निर्धारित समयमा कार्य सम्पन्न नगरेको तथा म्याद समेत थप नभएकोले सार्वजनिक खरिद ऐन तथा नियमावलि बमोजिम ठेक्का अन्त्य गरी कार्यसम्पादन जमानत बापतको रु.२९,७०,०००। र पेश्की जमानत बापतको रु. ९,७५,०००। समेत रु.३९,४५,०००। जफत गरी सम्झौता बमोजिमको बाँकी कार्य गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गरी कानुन बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने वेहोराको वेरुजु गत आर्थिक वर्षमा औंल्याएकोमा ठेक्काको म्याद थप पनि नगरेको र ठेक्का फरफराक समेत गरेको देखिएन । कानून वमोजिम कार्यसम्पन्न गराउनु पर्दछ ।

५१ **उपभोक्ता समिति मार्फत भवन निर्माण -**

सार्वजनिक खरिद नियमावली,२०६४ नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत काम गराउदा मेशीन उपकरण मार्फत गर्नु पर्ने, कम श्रम मुलक र प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका काम समेत गराएको देखिन्छ ।यसरी प्राविधिक दक्षता आवश्यक पर्ने काम उपभोक्ता समिति मार्फत गराउदा दिगो प्रभावकारी तथा उपयुक्त समेत हुने देखिदैन । यस वर्ष पालिकाले देहाय वमोजिमका रु.२१,६५,०८५ /- का भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको देखियो । जटिल र प्राविधिक दक्षता आवश्यक पर्ने कामहरु उपभोक्ता समिति मार्फत सम्पन्न गराउने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| क स | उपभोक्ता समितिको नाम | कामको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | कोसेली घर निर्माण | भवन निर्माण | १२२०९४०/- |
| २ | भैरुङ्ग आ.वि.भवन निमार्ण | भवन निर्माण | ९४४१४२/- |
| जम्मा | | | २१६५०८५/- |

५२ **गैर सरकारी संस्था मार्फत खर्च** - (१०६-2081-11-29):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, सबलीकरण, मुलप्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थामार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई गराउन सक्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (२) मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखि प्रचलित कानुनबमोजिम दर्ता भएको र मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय वा स्थानीयस्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले महिला दिवश तथा क्षमता विकास कार्यक्रमको लागि गराई सहयोगी महिला समाजलाई रु ४,९६,०००/- भुक्तानी दिएकोमा नियमावली बमोजिम सूचना प्रकाशन नगरेको, उपरोक्त कार्य पालिकाले आफैंले गर्नसक्ने नसक्ने यकिन नगरेको, नियम ९९(२) बमोजिम कामको आवश्यकता, किसिम, समयावधि, लागत , जनशक्ति, कार्यसंचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार नगरी एउटा मात्र संस्थाले पेश गरेको प्रस्तावको आधारमा कार्यक्रम खर्च गरेको छ । पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम मौजुदा सूचीमा समावेश भएका संस्थालाई सूचना प्रकाशन तथा प्रस्ताव माग गरी कार्यक्षेत्रगत शर्त पूरा गरेका न्युनतम रकम प्रस्ताव गर्ने संस्थासँग सम्झौता गरी कार्य गर्नुपर्नेमा एउटा मात्र समूह गठन गरी कार्यक्रम संचालन गरेको नियमसम्मत नदेखिएको रु .

| | |
|---|---|
| अनियमित भएको | ४,९६,००० |

५३ **हेभि ईक्विपमेण्टको प्रयोग** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ । यो वर्ष पालिकाबाट देहाय बमोजिमका उपभोक्ता समिति मार्फत सम्पादित रु. १३,४४,०००/- का निर्माण कार्यहरुमा निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । तसर्थ उपभोक्ता समितिसँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो काम डोजर तथा हेभि उकरण प्रयोग गरी निर्माण व्यवसायी मार्फत सव कन्ट्रयाक्टमा गराएको देखिन्छ । उपभोक्ता समितिलाई प्राप्त काम निर्माण व्यवसायी मार्फत गराउँदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनु पर्दछ ।

| क्र स | उपभोक्ता समिति | सम्झौता अंक (श्रमदान बाहेक)को भुक्तानी | निर्माण व्यवसायी | बील रकम ईन्धन समेत |
|---|---|---|---|---|
| १ | दुप्चिला सडक निर्माण | ६७२००० | कृष्णदेवी कन्ट्रक्सन एण्ड सप्लायर्स | ६७२००० |
| २ | पौवा रोतुम्मा कृषि सडक उ.स. | ३३६००० | एस मौलि प्रपोज प्रा.लि. | ३३६००० |
| ३ | सोमबुक्पा कृषि सडक नि उ.स. | ३३६००० | एस मौलि प्रपोज प्रा.लि. | ३३६४४१ |
| जम्मा | | १३४४००० | | १३४४४४१ |

५४ **उपभोक्ता मार्फत खरिद -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट काम गराउँदा सार्वजनिक निकायले श्रम मुलक प्रकृति तथा श्रमदान हुने कार्यको लागि मात्र कार्य गराउनुपर्नेमा कर्कतपाता खरिद गर्न देहाय अनुसारका उपभोक्ता समितिलाई अनुसार रु. २८,२०,१५५/- को खरिद वापत भुक्तानी गरेको छ । उपभोक्ता मार्फत समिति खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| भौ नं./मिति | खरिद विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३२१/२०८२/ ३/ ९ | कर्कत पाता | १५,३२,९५५/- | वडा नं. ३ को लागिमिलन ट्रेड एण्ड सप्लायर्सवाट रु.११,७१,३७२ र प्रसान्त ट्रेडर्सवाट ३,६१,५८३।१४ |
| | कर्कत पाता | ५०००००/- | वडा नं. ६ को लागि |
| २८०/ २०८२।१।१६ | एक घर एक धाराका लागि ५०० लि. टंकी र त्यसका लागि आवश्यक सामान | ७८७२००/- | गोल्डि इन्टरप्राइजेजवाटरु.५८७९१०/- १०४ वटा समेत |
| जम्मा | | २८,२०,१५५/- | |

५५ **स्थानीय भत्ताः**

अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको मिति २०७१।४।२ चलानी नम्वर ५ वाट नयां तलबमान सुविधा सम्वन्धमा महालेखा नियन्त्रक कार्यालयलाई लेखेको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषदको २०७१।३।२९ को निर्णयबाट नयां तलवमान र स्थानीय भत्ता स्वीकृत भएकोमा पुन अर्थ मन्त्रालयको च.नं ६८ मिति २०७१।५।२ को पत्रबाट स्थानीय भत्ता प्रयोजनको लागि स्थान वर्गिकरण एवं सुविधा प्राप्त गर्ने सम्वन्धमा उल्लेख छ। त्यसै गरी अर्थ मन्त्रालयको च.नं ५ मिति २०७१।४।२ को पत्रबाट अनुसूची १० मा स्थानीय भत्ता दर तोकी पठाएको पत्रमा र स्थानीय भत्ता पाउने आधार अन्तर्गत राशन सुविधा पाएका र कार्यरत जिल्ला भित्र स्थायी वसोवास भएकाले स्वीकृत दरको २५ प्रतिशत (क र ख वर्गकोमा ५० प्रतिशत) पाउने र स्थानीय स्तरमा समितिद्धारा नियुक्ति भई नेपाल सरकारवाट तलव सुविधा पाउनेको हकमा स्थानीय भत्ता नपाउने उल्लेख छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष उल्लिखित व्यवस्था भन्दा फरक गरी तोकिएको भन्दा बढी स्थानीय भत्तामा देहाय बमोजिम रु.२०७००.०० खर्च लेखेको छ । उक्त स्थानिय भत्ता नियमानुसार असुल हुनुपर्ने रु.

| सि. नं. | कर्मचारीको नाम थर | अवधि | पाउने दर | भुक्तानी | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | रोजगार सहायक श्री प्रज्वल भट्टराई | कार्त्तिक-आषाढ | ३२१० | ५५१० | २३०० | २०७०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **१४,५८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **१६,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **२०,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,७०० |

५६ **प्रोत्साहन भत्ता** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) अनुसार सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धि मापदण्ड,२०८१ को दफा १५ अनुसार कूनै पनि प्रकारको प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता लगायतका भत्ता भत्ता प्रदान नगर्ने उल्लेख छ । पालिकाको आतिरिक्त समय काम गरेबापतको अन्य भत्ता तथा फिल्ड भत्ता सम्बन्धि कार्यविधि, २०७९ बमोजिम सभाबाट निर्णय गराइ रु.९१८६४१।- प्रोत्साहन भत्ता वापत खर्च गरेको छ। जुन आन्तरिक आय रु.४४२३९९५।– को २०.७६ प्रतिशत रहेको छ। पालिकाबाट अतिरिक्त समय कार्य गरेको सूचकांक स्पष्ट देखिदैन । यस्तो खर्च लेख्दा आन्तरिक आयलाइ समेत विचार गरी बस्तुनिष्ट सूचकांकको स्पष्ट अभिलेख राख्नुपर्दछ।

५७ **फिल्ड भत्ताः**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धि मापदण्ड,२०८१ को दफा १५ अनुसार कूनै पनि प्रकारको प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता लगायतका भत्ता भत्ता प्रदान नगर्ने उल्लेख छ ।अन्य भत्ता तथा फिल्ड भत्ता सम्वन्धी कार्यविधि,२०७९ वमोजिम सभाको निर्णय अनुसार ईन्जिनियर-रु.१२०००, सव-ईन्जिनियर-रु.११०००, अ.सव.ईन्जिनियर-रु.१०००० का दरले फिल्डमा खटिने कर्मचारी ईन्जिनियर-१, सव-ईन्जिनियर-३, अ.सव.ईन्जिनियर-३ जनालाई फिल्ड भत्तामा वार्षिक रु.९,००,०००.०० खर्च भएको देखिन्छ ।यस्तो खर्च मितव्ययी तथा मापदण्डमा आधारित रहेर गर्नुपर्दछ ।

५८ **करार सेवाका कर्मचारीलाई स्थानीय भत्ता** -

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **५९,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९ **बढी भुक्तानी** -

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२६** को निर्णयले रू **३४,४१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **कार्यविधि वेगर भुक्तानी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका कार्यक्रममा रु.३,५२,२२३/- भुक्तानी दिएको छ। कार्यविधि तथा मापदण्ड वेगरको बजेट तथा कार्यक्रम खर्चमा नियन्त्रण हुनुपर्दछ।

| गो.भौ. नं.र मिति | कार्यक्रम | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २८०।२०८१।१२।२ | भवन निर्माण | कृष्ण प्रसाद भट्टराई स्मृति भवन संरक्षण जन्तेढुंगा चिसापानी | २७२२२३ | जन्तेढुंगा चिसापानी |
| ४३२।२०८२।३।११ | प्लाष्टिक टनेल खरिद | रेडक्रस उपशाखा चिसापानी जन्तेढुंगा | ५०००० | रेडक्रसका अध्यक्षलाई भुक्तानी |
| ४००/२०८२।३।१९ | अनुदान | रेडक्रस उपशाखा चिसापानी जन्तेढुंगा | ३०००० | वडा नं. ३ को वजेट |
| जम्मा | | ३५२२२३ | **३,५२,२२३/-** | |

६१ **पदाधिकारी सुविधा**

६१.१ पदाधिकारी सुविधा- गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले कोशी प्रदेशका पालिकाका पदाधिकारी सुविधा सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले यस आर्थिक वर्षमा पारीश्रमिक बाहेक पदाधिकारीको सेवा सुविधामा गरेको खर्च विवरण निम्नानुसार रहेको छ :

| सि.नं | विवरण | प्रमुख/ | उपप्रमुख/ | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ | सभाका सदस्य १९ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | | | | |
| १ | यातायात खर्च | १२०००० | १२०००० | ० | १८०००० | ४५४००० | ८७४००० |
| २ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | १४४००० | १०८००० | २२७००० | ५५१००० |
| ३ | पुस्तक,पत्रीका,ईन्टरनेट | २४००० | २४००० | ७२००० | ७२००० | २२७००० | ४१९००० |
| ४ | अतिथि सत्कार | १०८००० | ६०००० | २८८००० | १४४००० | ३४१५०० | ९४१५०० |
| ५ | खानेपानी/बिजुली/सरसफाई | ६०००० | ६०००० | १४४००० | १०८००० | ११३५०० | ४८४५०० |
| ६ | बैठक भत्ता | १२००० | १२००० | ७२००० | ७२००० | - | १६८००० |
| ७ | खाजा खर्च | ६०००० | ६०००० | २१६००० | १०८००० | ३४१५०० | ७८४५०० |
| ८ | अनुगमन | १२०००० | १२०००० | २८८००० | २८८००० | - | ६७२००० |
| | जम्मा | ५४०००० | ४९२००० | १०९४००० | १०८०००० | १७०२५०० | ४८९४५०० |

यस वर्षको पदाधिकारी सुविधा रु.४८९४५००।- खर्च भएको छ । पालिकाको यस वर्षको आन्तरिक आय रु.४४२३९९५।- को तुलनामा ११०.६ प्रतिशत खर्च रहेको देखिन्छ ।

६१.२ **पदाधिकारी अनुगमन सुविधाः** गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को ३(१) संग सम्वन्धित अनुसूची १(क) मा पालिकाबाट मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । अध्यक्ष-१, उपाध्यक्ष-१, वडा अध्यक्ष-६, र कार्यपालिका सदस्य-६ जना गरी १४ जनालाई अनुगमन

भत्ता वार्षिक रु. ६७२०००.०० खर्च भएको देखिन्छ। मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको छैन । नियमानुसार अनुगमन प्रतिवेदन पेश गरेर मात्र भत्ता भुक्तानी दिनुपर्दछ ।

| सि.नं. | पद | संख्या | मासिक | वार्षिक |
|---|---|---|---|---|
| १ | अध्यक्ष | १ | १०००० | १२०००० |
| २ | उपाध्यक्ष | १ | १०००० | १२०००० |
| ३ | वडा अध्यक्ष | ६ | ४००० | २८८००० |
| ४ | कार्यपालिका सदस्य | ६ | २००० | १४४००० |
| | जम्मा | | | ६७२००० |

६१.३ **अध्यक्षको भ्रमण खर्च-** गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को अनुसूची ८(४) अनुसार पालिकाका अध्यक्ष/ नगरपालिकाका प्रमुख आफ्नो पालिकाको क्षेत्र भन्दा बाहिर गएर बस्नुपरेमा ३ दिनसम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वयंले र सो भन्दा बढी दिनको भ्रमण आदेश कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका अध्यक्ष श्री अरुणादेवी राई पालिकाको काममा आफ्नो पालिकाको क्षेत्र भन्दा बाहिर तीन दिन भन्दा बढी जाँदा स्वय आफैले स्वीकृत गरेको देखिन्छ । नियमानुसार तीन दिन भन्दा बढी दिनको भ्रमण आदेश कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गरेर मात्र भ्रमण गर्नुपर्दछ ।

केही उदाहरणहरु:

| सि.नं. | गो.भौ. नं र मिति | भ्रमण अवधि | विषय | भ्रमणस्थान | रकम |
|---|---|---|---|---|---|
| १ | ३२०-०८१।१२।६ | ०८१।११।७-११।१३ | कार्यालयको काम | काठमाण्डौ | १५००० |
| २ | ५२२-०८२।३।१९ | ०८२।१।१३-१।१९ | कार्यालयको काम | दिक्तेल | ८४०० |
| ३ | ५२२-०८२।३।१९ | ०८२।२।४-२।१० | कार्यालयको काम | काठमाण्डौ | १८६०८ |
| ४ | ५४३-०८२।३।२१ | ०८१।१२।१२-१२।१८ | कार्यालयको काम | काठमाण्डौ | १२५०० |
| ५ | ५४३-०८२।३।२१ | ०८२।२।१७-२।२२ | कार्यालयको काम | दिक्तेल | ८४०० |

६२ **जिन्सी मालसामानः**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली २०७७ को नियम १०० अनुसार जिन्सी मालसामानको परीमाण र मूल्य खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । खर्च भएर जाने र खर्च भएर नजाने छुट्टाछुट्टै मालसामानको प्रकृति अनुसार दाखिला गर्नुपर्छ। भएका खर्च नजाने मालसामानहरु खर्च भएर जाने जिन्सी खातामा दाखिला गरी रु.१,४१,२५०.०० मौज्दातबाट घटाइएको छ । नियम अनुसार तपसिलका मालसामान पालिकाको खर्च भएर नजाने जिन्सी खाता (PAMSv2) मा अद्यावधिक गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | जिन्सी संकेत नं. | मालसामानको नाम | परीमाण | रकम |
|---|---|---|---|---|
| १ | ६१६११३१०६३१४ | भ्याकुम क्लिनर | १ | २५९९० |
| २ | ६१६११३६१२०२८ | डाई (**DIE**) | १ | ४०६८० |
| ३ | ६१६११३६१[illegible]५२१ | डिस्प्ले बोर्ड | ३ | ७४५८० |
| | | जम्मा | | १४१२५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४१,२५० |

६३ **कार्यालय सामान तथा सेवाः**

६३.१ **लागत अनुमान वेगर खरिद कार्यः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने र निर्माण कार्य वाहेकको मा एक लाख रुपैँया भन्दा बढीको खरिदमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तपसिलको खरिदमा पालिकाले लागत अनुमान तयार नगरी कोटेशन मार्फत रु.१२,४१,६८६.०० सोझै खरिद गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन अनुसार लागत अनुमान तयार नगरी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| सि.नं. | गो.भौ.नं. र मिति | खरिद कार्य | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|---|
| ३ | ४३७-०८२।२।२६ | औषधि खरिद | भिमदेवी मेडिसिन सप्लायर्स | ९५५८७८ |
| ४ | ४८९-०८२।३।१५ | दलित महिला लक्षित तालिम | महिला एकता अध्ययन केन्द्र | २८५८०८ |
| | | | जम्मा | १२४१६८६ |

| अनियमित भएको | १२,४१,६८६ |
|---|---|

६३.२ **इन्धन खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बीस हजार भन्दा बढी रकमको मालसामान वा निर्माण कार्य गराउदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ती, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्ने सकिने व्यवस्था छ । इन्धन विक्रीको लागि तोकिएको सप्लायर्स नभई मसलन्द मालसामाग्री विक्री गर्ने श्रेष्ठ स्टेशनरी एण्ड भाडा पसलबाट इन्धन (पेट्रोल र डिजल) खरिद गरी पान विलको आधारमा रु.३८,७०,९२६.०० भुक्तानी गरिएको नमुना परीक्षणमा देखिएको छ । इन्धन विक्रेता पालिकामा नरहेको कारण स्टेशनरी एण्ड भाडापसलबाट पान विजककर्तासँग खरिद गर्नुपरेको पालिकाको भनाई रहेको छ । इन्धन विक्रीको लागि तोकिएको सप्लायर्स र अनुसूची ५ र ५(क) बमोजिमको ढाँचाका कर बिजककर्तासंग मात्र कारोवार गर्नुपर्नेमा स्टेशनरी एण्ड भाडा पसलबाट खरिद गरेकोले नियमसम्मत नदेखिएको रु.

| **सि.नं.** | **गो.भौ.नं. र मिति** | **डिजल/ पेट्रोल** | **रकम** |
|---|---|---|---|
| | | **चालुतर्फ** | |
| १ | १४२-०८१।८।२० | डिजल-५४० लि, पेट्रोल-२०१३ लि | ५०५२०० |
| २ | २७५-०८१।११।१९ | पेट्रोल-१६६१ लि | ३३२२०० |
| ३ | ५५८-०८२।३।२२ | डिजल-२९५ लि, पेट्रोल-३१३७ लि | ६५५९९४ |
| | | **पूंजिगत तर्फ** | |
| ४ | ११०-०८१।९।१४ | डिजल, पेट्रोल खरिद | ९७४७०० |
| ५ | २१०-०८१।१२।१ | डिजल, पेट्रोल खरिद | ८४८३५० |
| ६ | ४४७-०८२।३।२२ | डिजल, पेट्रोल खरिद | ५५४४८२ |
| | | जम्मा | ३८७०९२६ |

| अनियमित भएको | ३८,७०,९२६ |
|---|---|

६३.३ **अन्य कार्यालयको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्रभन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि निम्नानुसार रु.४,६४,२६०.०० खर्च गरेको देखिन्छ । यस्तो प्रकृतिको खर्चले पालिकाको थप व्ययभार मात्र वढ्दै जाने देखिएकोले नियमसम्मत नदेखिएको रु.

| सि.नं. | गो.भौ.नं. र मिति | कार्यालय र कर्मचारी | वापत | रकम |
|---|---|---|---|---|
| १ | १५७-०८१।८।२५ | परियोजना कार्यान्वयन इकाईका १ कर्मचारी | दैनिक भ्रमण भत्ता | ११८६० |
| २ | १९३-०८१।९।२५ | त्रियुगा नगरपालिकाका १ जना कर्मचारी | दैनिक भ्रमण भत्ता | १२६०० |
| ३ | २७४-०८१।११।९ | इलाका प्रहरी कार्यालय, चिसापानी | सवारी मर्मत | ३००००० |
| ४ | ३१६-०८१।१२।६ | घरेलु तथा सा.उ.कार्यालयका २ जना कर्मचारीहरु | दैनिक भ्रमण भत्ता | १७५०० |
| ५ | ३१६-०८१।१२।६ | जिल्ला समन्वय समितिका ६ कर्मचारीहरु | दैनिक भ्रमण भत्ता | ४६५०० |
| ६ | ४६३-०८२।३।११ | इलाका प्रहरी कार्यालय, चिसापानी | मसलन्द सामाग्री | १९१०० |
| ७ | ५४२-०८२।३।२ | स्वास्थ्य कार्यालयका २ कर्मचारीहरु | दैनिक भ्रमण भत्ता | १४८५० |
| ८ | ५४२-०८२।३।२ | जिल्ला समन्वय समितिका ५ कर्मचारीहरु | दैनिक भ्रमण भत्ता | ४२५५० |
| | | जम्मा | | ४६४९६० |

| | |
|---|---|
| अनियमित भएको | ४,६४,९६० |

६४ **सामाजिक सुरक्षा -**

६४.१ **सामाजिक सुरक्षा भत्ता वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार सामाजिक सुरक्षा भत्तामा निकासा भएको रकम रु.६३२६०९२२।०० रहेको देखिन्छ। सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिमा तोकिए बमोजिम अभिलेख व्यवस्थित गर्नुपर्दछ।

६४.२

**सामाजिक सुरक्षा भत्ता वितरणको तुलना -** यस पालिकावाट गत आर्थिक वर्ष २०८०।८१ र आर्थिक वर्ष २०८१।८२ मा देहाय अनुसार देहाय अनुसारका लाभग्राही रहेको देखियो।

| सि.नं. | लाभग्राही वर्ग | भत्ता दर | २०८०।८१ मा रहेका लाभग्राहीको संख्या | २०८१।८२ मा रहेका लाभग्राहीको संख्या |
|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | ४००० | १००९ | १०१२ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | २६६० | ६७ | ८० |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६६० | ९७ | १०३ |
| ४ | विधवा | २६६० | १३५ | १४६ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ३९९० | ५८ | ५७ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | २१२८ | १०७ | १०७ |
| ७ | दलित बालबालिका | ५३२ | १०८ | १०१ |
| | **जम्मा** | | **१५८१** | **१६०६** |

सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०८०।८१ मा रु.६५९१७७०००।- खर्च भएकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.६३२६०९२२।– खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु.२६५६०७८।- कम खर्च भएको छ ।

६४.३ **समिक्षा र सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन। कार्यविधिको परिपालना गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : जन्तेढुङ्गा गाउँपालिका, खोटाङ , जन्तेढुंगा गाउँपालिका , खोटाङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | विनय निरौला | २०८१-२-२० | २०८२-०४-०३ |
| लेखा प्रमुख | बिनोद दास | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७०४,७०८ | ११,४१९,०९८ | १,८१२,६४३ | ० | ० | १,९२०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १५,८५६,४४९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ९२३,२३७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १४,९३३,२१२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २९०५२४०१.७२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८११७५५६२.५ | चालु खर्च | २३४३५८७५७.४४ |
| प्रदेश सरकारबाट अनुदान | २६२७६००० | पूँजीगत खर्च | १२३००२५७५.९९ |
| राजश्व बाँडफाँट | ७४३४८३३४ | वित्तीय/अन्य व्यवस्था | १२७२८४३१६ |
| आन्तरिक आय | ४४२३९९५.० | | |
| अन्य आय | १००२२९७६६.३७ | | |
| कुल आय | ४८६४५३६५७.८७ | कुल खर्च | ४८४६४५६४९.४३ |
| बाँकी मौज्दात | | ३०८६०४१०.१६ | |

## अनुसूची - २

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./ आर्थिकसङ्केत | विवरण | चालु आ.ब.कोकारोबार | | गत आ.ब. कोकारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्यप्राप्ति | | | | |
| ११००० | कर | ७,५४,१३,६७४.३९ | ७,५४,१३,६७४.३९ | ६,९०,२७,०६४.०१ | ६,९०,२७,०६४.०१ |
| १३००० | अनुदान | २७,६३,९०,७०८.०० | २७,६३,९०,७०८.०० | २७,९७,५१,११२.०० | २७,९७,५१,११२.०० |
| १४००० | अन्य राजस्व | ३३,१०,८५२.५० | ३३,१०,८५२.५० | २४,८७,९७२.७८ | २४,८७,९७२.७८ |
| १५००० | विविध प्राप्ति | ४७,८०३.०० | ४७,८०३.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ३५,५१,६३,०३७.८९ | ३५,५१,६३,०३७.८९ | ३५,१२,६६,१४८.७९ | ३५,१२,६६,१४८.७९ |
| ३ | चालु | २३,४३,५८,७५७.४४ | २३,४३,५८,७५७.४४ | २२,५५,११,५६६.०० | २२,५५,११,५६६.०० |
| २१००० | पारिश्रमिक / सुविधा | १३,११,८१,०४९.५० | १३,११,८१,०४९.५० | १५,८२,९२,६१२.०० | १५,८२,९२,६१२.०० |
| २२००० | मालसामान तथा सेवाकोउपयोग | ९,९४,५०,२४२.९४ | ९,९४,५०,२४२.९४ | ६,१८,३६,४१४.०० | ६,१८,३६,४१४.०० |
| २७००० | सामाजिक सुरक्षा | २५,४८,७६५.०० | २५,४८,७६५.०० | ३५,९८,१८९.०० | ३५,९८,१८९.०० |
| २८००० | अन्य खर्च | ११,७८,७००.०० | ११,७८,७००.०० | १७,८४,३५१.०० | १७,८४,३५१.०० |
| ४ | पूंजीगत | १२,३०,०२,५७५.९९ | १२,३०,०२,५७५.९९ | १२,५५,०६,६७४.०० | १२,५५,०६,६७४.०० |
| ३१११० | भवन तथा संरचना | ३,०८,१२,२४६.०० | ३,०८,१२,२४६.०० | २,३८,४३,८५०.०० | २,३८,४३,८५०.०० |
| ३११२० | सवारी साधन, मेशिनरीऔजार, फर्निचर्स तथा फिक्चर्स | ७३,९९,०८०.०० | ७३,९९,०८०.०० | ५५,२३,२४४.०० | ५५,२३,२४४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १,२७,२२,५३०.०० | १,२७,२२,५३०.०० | १,४९,६९,०५३.०० | १,४९,६९,०५३.०० |
| ३११४० | सुरक्षा उपकरण | ० | ० | ४५,०००.०० | ४५,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६,९५,२३,७२४.९९ | ६,९५,२३,७२४.९९ | ७,९८,९३,८१९.०० | ७,९८,९३,८१९.०० |
| ३११६० | निर्मितसरचनाको सुधारखर्च | ० | ० | ७,१५,२६१.०० | ७,१५,२६१.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ८,८८,७४५.०० | ८,८८,७४५.०० | ५,१६,४४७.०० | ५,१६,४४७.०० |
| ३१४१० | जगाप्राप्ति खर्च | १६,५६,२५०.०० | १६,५६,२५०.०० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ३५,७३,६१,३३३.४३ | ३५,७३,६१,३३३.४३ | ३५,१०,१८,२४०.०० | ३५,१०,१८,२४०.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | (२१,९८,२९५.५४) | (२१,९८,२९५.५४) | २,४७,९०८.७९ | २,४७,९०८.७९ |
| घ) | धरौटी, आकस्मिक कोषलगायतका | ४०,०६,३०३.९८ | ४०,०६,३०३.९८ | ३६,३४,१००.९८ | ३६,३४,१००.९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | अन्य कोषको मौज्दातको थप/घट (+/-) | | | | |
| घ.१) | कट्टी रकमभुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथाबैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १८,०८,००८.४४ | १८,०८,००८.४४ | ३८,८२,००९.७७ | ३८,८२,००९.७७ |
| च) | गत आ.व.को नगद तथाबैंक मौज्दात | २,९०,५२,४०१.७२ | २,९०,५२,४०१.७२ | २,५१,७०,३९१.९५ | २,५१,७०,३९१.९५ |
| छ) | विनिमय नाफा/घाटा तथाअन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगदतथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,०८,६०,४१०.१६ | ३,०८,६०,४१०.१६ | २,९०,५२,४०१.७२ | २,९०,५२,४०१.७२ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- कृषि पशुसेवा अनुदान तथा आर्थिक सहायता लगाएतका खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।
- वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ र कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- पालिकाले योजनाको प्राथमिकीरण गर्दा प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।
- पालिकाले वार्षिक योजनासंग आवधिक योजनाको तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।
- राजश्व सुधार योजना कार्यन्वयनमा ल्याई राजश्व वृद्धितर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
- प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।
- ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परीपालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।
- सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।
- पालिकाले संभाव्यता अध्ययन तथा डिपिआर प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुऱ्याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।
- पालिकाको यन्त्रहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्ने र यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।
- पालिकाको सम्पतिको उचित संरक्षण तथा व्यवस्थापन गर्नुपर्दछ ।
- पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।
- संचालन निर्देशिका, मापदण्ड, नियमावली, नर्म्स बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ।
- अधुरा आयोजनाको जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।
- विद्यालयहरुमा प्रचलित नियमले तोके अनुसार शिक्षक विद्यार्थी अनुपातका आधारमा दरवन्दी मिलान गरी सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन हुनुपर्दछ ।